**सवारी दुर्घटनाबाट बचौं र बचाऔं ।**
- मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- आफूले यात्रा गरिरहेको सवारीसाधनको चालकले मादक पदार्थ सेवन गरेमा वा गरेको शङ्का लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
- क्षमताभन्दा बढी यात्रु र सामान नराखौं ।
- अनियन्त्रित र तीव्र गतिमा सवारीसाधन नचलाऔं ।
- समय–समयमा सवारीसाधनको मर्मतसम्भार गर्ने गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**PRATEEK DAILY**

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com




❖ वर्ष ३५ ❖ २०७९ असार ३२ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 July 16 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३१८

## वर्षा नहुँदा र गर्मी बढ्दा दैनिक जनजीवन कष्टकर

प्रस, सेढवा, ३१ असार/

दश दिनदेखि पानी नपरेको र दिन प्रतिदिन बढ्दै गएको गर्मी र टन्टलापुर घामका कारण पर्साको ग्रामीण जनजीवन नराम्रोसँग प्रभावित भएको छ । बिहानदेखि चर्को घाम लाग्दा दैनिक क्रियाकलाप गर्न समस्या भएको छ । हावा नचल्ने, चर्को घाम र अत्यधिक गर्मीका कारण स्थानीयहरू घरभित्रै उकुसमुकुस हुने र घरबाहिर निस्किएपछि पसिनाले निथ्रुक्क भिज्ने गरेका छन् । गर्मीका कारण ग्रामीण सडकहरूमा सवारीसाधन र यात्रीहरू चाप निकै घटेको छ ।



रोपाइँको लागि दमकलले सिंचाइ गर्दै जीराभवानी गापा–३ का किसान । तस्वीरः प्रतीक

**गर्मीका कारण स्वास्थ्य समस्या बढ्यो**

अत्यधिक गर्मीका कारण ग्रामीण बासिन्दाको स्वास्थ्यमा विभिन्न किसिमका समस्या देखिन थालेका छन् । विशेषगरी ज्वरो, रुघाखोकी तथा चर्म रोगको प्रकोप बढेको छ । जीराभवानी गाउँपालिका–२ स्थित सेढवा स्वास्थ्य चौकीका इन्चार्ज ज्ञानकिशोर प्रसादले अहिले ज्वरो, रुघाखोकी र चर्मरोगका बिरामी बढी आउने गरेको बताए । उनले रोगीहरूमा टाउको, हातखुट्टा र जीउ दुख्ने समस्या भएको बताए ।

**किसानहरू आर्थिक मारमा**

पर्याप्त वर्षा नहुँदा धानको बीउ रोपाइँका लागि तयार नभएकोले अधिकांश किसान चिन्तित भएका छन् । दश दिनपहिले परेको पानीको सदुपयोग किसानहरूले गर्न सकेनन्, जसले गर्दा धानको बीउ रोपाइँका लागि तयार भएको छैन ।

रोपाइँ गर्न दमकलबाट सिंचाइ गर्नुपर्दा किसानहरूलाई थप आर्थिक भार परेको छ । डिजलको मूल्यवृद्धिले दमकलबाट सिंचाइ गर्दा निकै खर्चिलो भएको किसानहरूको भनाइ छ ।

जीराभवानी गापा–४ का किसान दिनेश चौधरीले एक बिघा खेत रोपाइँ गर्न दमकलबाट सिंचाइ गर्नुगर्दा १५ घण्टा लाग्ने र प्रतिघण्टा रु तीन सयदेखि चार सय भाडा तिर्नुपरेको बताए ।

जगरनाथपुर गापा–३ का किसान उपेन्द्र यादवले वर्षा नभएको कारण रोपाइँ भएका खेतको बाली पनि सुक्दै गएको बताए ।

**पठनपाठन प्रभावित**

गर्मीका कारण जिल्लाका केही पालिकाहरूले विद्यालयमा बिदा दिए पनि अधिकांश पालिकाका विद्यालय सञ्चालनमा छन् । सञ्चालनमा रहेका विद्यालयमा विद्यार्थी तथा शिक्षकहरू गर्मीका कारण सार्‍है थकित हुने गरेकाले टिफिनमैं घर फर्किने गरेका छन् । ठोरी, जीराभवानी, जगरनाथपुर, पटेर्वासुगौलीलगायत गापाका सामुदायिक तथा निजी विद्यालयहरू पनि सञ्चालनमा छन् ।

## वीरगंजमा तापक्रम ३८.५ डिग्री धमाधम

## बन्द हुन थाले पर्साका विद्यालय

प्रस, वीरगंज, ३१ असार/

पर्सा जिल्लामा गर्मी अत्यधिक बढ्न थालेपछि विभिन्न पालिकाहरूले विद्यालय बन्द गर्न निर्देशन दिन थालेका छन् । पर्साको वीरगंज महानगरपालिकाले साउन १ देखि २० गतेसम्म गर्मी बिदा दिने निर्णय गरेको छ । सो अवधिमा सबै सरकारी तथा निजी विद्यालय बन्द गर्न निर्देशन दिएको छ ।

यसअघि गर्मी बढेको भन्दै बुधवारदेखि शुक्रवारसम्म तीन दिन विद्यालय बन्द गर्न निर्देशन दिइएको वीरगंज महानगरका शैक्षिक प्रशासन महाशाखाका शिक्षा अधिकृत हरि राउतले बताए ।

गर्मी नबढेको भए साउन ८ गतेदेखि पूरै मसान्तसम्म गर्मी बिदा दिने तयारी थियो । वर्षा नभएर गर्मी बढ्दा कक्षाकोठामा विद्यार्थीहरू बेहोश भएर ढल्न थालेपछि विभिन्न पालिकाहरूले विद्यालय बन्द गर्न बाध्य भएको बताइएको छ ।

पर्साका पोखरिया, धोबिनी, बहुदरमाई, छिपहरमाई लगायतका पालिकाहरूले विद्यालय बन्द गर्ने निर्णय गरिसकेको जनाइएको छ ।

कृषि औजार अनुसन्धान केन्द्र, रानीघाट, वीरगंजमा तापक्रम मापन गर्ने युनिटका अनुसार शुक्रवार मात्रै अधिकतम तापक्रम ३८.५ डिग्री सेल्सियस र न्यूनतम तापक्रम ३० डिग्री सेल्सियस मापन गरिएको कार्यालयका प्रमुख सचिन मिश्रले बताए । उनका अनुसार एक सातादेखि निरन्तर तापक्रम बढिरहेको र केही दिन अझै पानी पर्ने सम्भावना छैन ।

## कालिकामाई गापाको दोस्रोपटकको गाउँसभा स्थगित

प्रस, पोखरिया, ३१ असार/

पर्साको कालिकामाई गाउँपालिकाका जनप्रतिधिनिहरूबीच भागबन्डा नमिल्दा शुक्रवार भनिएको दोस्रोपटकको गाउँसभा स्थगित भएको छ ।




गाउँसभाको लागि आज दोस्रोपटक बैठक बोलाइएकोमा पुनः कुरा नमिल्दा स्थगित भएको हो । आज दुवै पक्ष बैठकमा सहभागी भएपनि कुरा नमिल्दा स्थगित भएको हो ।

गाउँपालिका अध्यक्ष वशिष्ठकुमार गुप्ता र प्रमुख प्रशासकीय अधिकृत अमित गिरीले भोलि शनिबार ४ बजे बैठक हुने भनी मौखिकरूपमा घोषणा गरे पनि असन्तुष्ट पक्षले लिखितरूपमा हुनुपर्ने माग राखेपछि दुवै पक्षबीच झडप पनि भएको थियो ।

देशकै कान्छो गाउँपालिका अध्यक्ष वशिष्ठकुमार गुप्ता, उपाध्यक्ष राजमतीदेवी बरैनी र वडाध्यक्षहरूबीच बजेट बन्डामा कुरा नमिल्दा गाउँसभा स्थगित हुँदै आएको छ । गाउँपालिका अध्यक्ष गुप्ताले उपाध्यक्षलाई ५० लाख र वडाध्यक्षहरूलाई ३०/३० लाख बराबरको योजना पेश गर्न बताइरहेकाले उनीहरू मानेका छैनन् ।

गापा अध्यक्ष गुप्ताले बजेट भागबन्डा आधारमा होइन, आवश्यकताको आधारमा काम हुनुपर्ने बताइरहेका कारण कुरा मिल्न नसकेको बुझिएको छ ।

वडाध्यक्षहरूको यसअघि आफूहरूले चलाउँदै आए अनुसार योजना चलाउन पाउनुपर्ने माग रहेको छ । वडा नं २ भेडिहारीका अध्यक्ष सोनालाल चौरसियाले जनसङ्ख्याको आधारमा बजेट भागबन्डा हुनुपर्ने बताए । नत्र यसअघि आफूहरूले चलाउँदै आएको बजेट अनुसार पाउनुपर्ने उनले बताए । उनका अनुसार यसअघि एक वडाध्यक्षले रु एक करोडदेखि एक करोड ३० लाखसम्म बजेट चलाउँदै आएका थिए ।

बैठकमा झडप हुँदा वडा नं. ३ का वडाध्यक्ष पटेललगायत केही जना घाइते भएको समाचारमा जनाइएको छ ।

## माग सुनवाइ नभएपछि सबैया साझेदारीमा तालाबन्दी

बलिराम शुक्ला, बिरुवागुठी, ३१ असार /

पर्साको सबैया साझेदारी वन व्यवस्थापन समूहको कार्यालयमा शुक्रवार तालाबन्दी गरिएको छ ।




तस्वीरः प्रतीक

सार्वजनिक सरोकार सङ्घर्ष समितिले एक महीनादेखि साझेदारीका अध्यक्ष र पदाधिकारीहरूले गरेका कामकारबाईका विरुद्धमा गरेको सङ्घर्षका कार्यक्रम अन्तर्गत १४ सूत्रीय मागको सुनवाइ नभएको भन्दै साझेदारीको मुख्य कार्यालयको द्वारमा नाराबाजी गर्दै आज तालाबन्दी गरेको हो ।

सङ्घर्ष समितिले हालसम्मको आय–व्यय सार्वजनिक गर्नुपर्ने, यथाशीघ्र साझेदारी वनको अधिवेशन गर्नुपर्ने, साझेदारीको भवन निर्माणको लागि भएको मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्नुपर्ने, खेलमैदानमा भएको हस्तक्षेप फिर्ता गर्नुपर्ने, हेरालुको दरबन्दीमा भएको अनियमितता सार्वजनिक गर्नुपर्ने, हालसम्मको राजस्व दाखिला सार्वजनिक गर्नुपर्ने, साझेदारी वनमा स्थानीय समुदायको न्यायोचित प्रतिनिधित्व हुनुपर्नेलगायतका माग राखी एक महीनादेखि आन्दोलन गर्दै आएका छ ।

तालाबन्दी गरे लगत्तै गरिएको कोणसभामा समितिका अध्यक्ष अमृत बस्यालले साझेदारीले गरेका बेथितिविरुद्ध १४ सूत्रीय माग राखी एक महीनादेखि सङ्घर्षमा रहँदा पनि पदाधिकारीहरू कानमा तेल हाली सुतेका कारण बाध्य भएर तालाबन्दी गर्नुपरेको बताए । उनले डिभिजन वन कार्यालय, पर्सामा १४ सूत्रीय माग राखी ज्ञापनपत्र बुझाएको दुई साता हुन लाग्दा पनि कुनै सुनवाइ नभएको गुनासो गरे । कोणसभामा अधिकांश वक्ताले सबैया साझेदारीले वैज्ञानिक वनको नाममा वनविनाश गरेको कारण पानीका मुहानहरू सुक्दै गएको र वैज्ञानिक वनको नाममा लाखौं रकम अनियमितता गरेको आरोप लगाएका

(बाँकी पाँचौं पातामा)

## ठाराबमा विद्यार्थीहरूद्वारा आगजनी

प्रस, वीरगंज, ३१ असार/

वीरगंजस्थित ठाकुर राम बहुमुखी क्याम्पसमा विद्यार्थीहरूले शुक्रवार आगजनी गरेका छन् । वार्षिक परीक्षाको केन्द्र परिवर्तन गरिएको भन्दै विभिन्न विद्यार्थी सङ्गठनका विद्यार्थी नेताहरूले क्याम्पसमा आगजनी गर्दै प्रदर्शन गरेका थिए ।

क्याम्पस प्रमुख उमेशकुमार चौरसियाको कार्यकक्षअगाडि कक्षाकोठाबाट टेबुल, बेन्च थुपारेर विद्यार्थीहरूले आगो लगाएका थिए । त्यसपछि विद्यार्थीहरूको समूहले नाराबाजी गर्दै प्रदर्शन गरेको विद्यार्थी नेताहरूले बताएका छन् । आगजनी गरेपछि प्रहरीलाई खबर गरिएको थियो । वारुणयन्त्रले आगो निभाएको थियो ।



तस्वीरः प्रतीक

विद्यार्थीहरूको उग्र अवस्थालाई नियन्त्रणमा लिने प्रयास भइरहेको पर्सा

(बाँकी पाँचौं पातामा)

## सूर्य नेपालको सुर्ती गोदाममा आगलागी

प्रस, सेढवा, ३१ असार/

सूर्य नेपाल प्रालि, सिमराले वीरगंज महानगर–३२ बेलवामा भाडामा लिएको सुर्ती सङ्कलन केन्द्रमा शुक्रवार आगलागी भएको छ । आज दिउँसो केन्द्रमा आगलागी हुँदा एक करोड मूल्यको साढे २८ मेट्रिकटन सुर्ती जलेर नष्ट भएको सूर्य नेपालले जनाएको छ ।



तस्वीरः प्रतीक

आगलागीको कारण तत्काल पुष्टि भएको छैन । जीतपुरसिमरा र वीरगंजबाट आएका वारुणयन्त्रले तीन घण्टामा आगलागी नियन्त्रणमा लिएका थिए । सूर्य नेपालले किसानहरूसँग खरीद गरेको सुर्ती सो केन्द्रमा सङ्कलन हुने र त्यहाँ प्रशोधन गरी कारखानामा पुऱ्याउने गरिन्छ । दैनिकरूपमा सुर्ती सङ्कलन र प्रशोधन गरेर कारखानामा पुऱ्याउने गरिएको सूर्य नेपालले जनाएको छ ।

## २८ जना महिलासहित १४४ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ३१ असार/

वीरगंज पब्लिक कलेजको आयोजनामा शुक्रवार २८ जना महिलासहित १४४ जनाले रक्तदान गरेका छन् । वीरगंज ब्यारेकका प्रमुख सेनानी डायमन्ड कार्कीले रक्तदान कार्यक्रमको उद्घाटन गरेका थिए । कलेजका प्रमुख डा विनय श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा वप्रका, बिर्ताका प्रनि विशाल मल्ल, वीरगंज पब्लिक कलेजका सहायक क्याम्पस प्रमुख अरविन्द श्रेष्ठ, ब्लोदानका विक्की सर्राफलगायतको सहभागिता थियो ।



तस्वीरः प्रतीक

कार्यक्रममा सुषमा कर्ण, विनीता साह, श्रीराम साह, स्नेहा चौधरी, मुकेश साह, राहुल गुप्ता, अनामिका गुप्ता, खुश्बु कुमारी, रिपु यादव, मेघा साह, सुजाता चौधरी, विपिन भट्टराई, डा अजय जयसवाल, नितेश कर्ण, विशेष श्रेष्ठ, राहुल शर्मा, नरेन्द्र साह, राज महरा, सौरभ गुप्तालगायतले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए ।

### विचारसार र सूक्तिहरू

**विश्व चेतनाको आकार धारण गर्ने चेष्टाको नाम जीवन हो र जीवनको लक्ष्य हो– सौन्दर्य ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# विकासमा वनको अवरोध

**मुलुकको कुल क्षेत्रफलमध्ये वनले ओगटेको क्षेत्र ४६.०७ प्रतिशत छ । नेपाल सरकारको वन तथा वातावरण मन्त्रालय अन्तर्गत रहने उक्त क्षेत्र राष्ट्रिय वन, सामुदायिक वन, निजी वन, निकुञ्ज, आरक्ष, संरक्षित क्षेत्रलगायत प्राकृतिक स्रोतले ढाकेका छन् । मुलुकमा विद्यमान २१ वटा मन्त्रालयमध्ये सबैभन्दा धेरै नियम, कानून वन मन्त्रालयसँग सम्बन्धित होला । उक्त नियम, कानून कुनै व्यक्तिले राम्रोसँग अध्ययन गर्न र बुझ्न वर्षौं बित्न सक्छ । सोही नियम, कानूनलाई हतियार बनाएर वनका कर्मचारीले मुलुक र मुलुकवासीलाई हैरानी दिइरहेका छन् । कुनै पनि विकास निर्माणको काममा वन तगारो बन्ने गरेको छ । राष्ट्रिय महत्त्वका महत्त्वाकाङ्क्षी योजना होस् वा स्थानीयस्तरका साना योजना, कुनै न कुनै रूपमा वनको कारण अवरुद्ध भइरहेका छन् । ठूला योजनाहरू मन्त्रालय अन्तर्गतका विभागीय प्रमुखहरूकै स्तरबाट अवरुद्ध गरिन्छन् भने साना योजनाहरू स्थानीयस्तरका अधिकारीहरूको मनखुशी नहुँदा कानूनी अडचन देखाइ अवरोध खडा गरिन्छ । निर्माण सम्पन्न रक्सौल–वीरगंज क्रसबोर्डर पेट्रोलियम पाइपलाइन होस् वा निर्माणाधीन हुलाकी राजमार्ग, मदन भण्डारी राजमार्ग, काठमाडौं–तराई/मधेस द्रुतमार्ग, निजगढ अन्तर्राष्ट्रिय विमानस्थललगायत कहीं न कहीं कुनै न कुनै रूपमा वनको कारण अवरुद्ध भएका छन् । समयमा सम्पन्न हुनुपर्ने धेरैवटा योजना वनकै असहयोगको कारण वर्षौं पछि सरेका उदाहरणहरू प्रशस्तै छन् ।**

**निकुञ्ज, आरक्ष वा संरक्षित क्षेत्र प्रभावित गाउँबस्तीका बासिन्दाले परम्परागतरूपमा आफूहरूले खाइपाइ आएको पानीको मुहान मरम्मत गर्नसमेत सम्बन्धित क्षेत्रका संरक्षण अधिकृतको स्वीकृति लिनुपर्छ । यसको निम्ति मातहतका पोस्ट वा गेम स्काउटले सकारात्मक सन्देश दिनुपर्ने हुन्छ । अन्यथा वन क्षेत्र जोडिएको स्थानमा अतिआवश्यक कामको इजाजत पाउन पनि कैयन पटक धाउनुपर्छ । भूक्षय नियन्त्रण, तटबन्धन वा वन पर्यटनसम्बन्धी कुनै पूर्वाधार निर्माण गर्नुपर्दा पनि समस्या उही छ । नियम, कानून सम्मत तरीकाले इजाजत पाउने नै हो, फेरि पनि विभिन्न बखेडा खडा गरेर इजाजतमा विलम्ब गरिन्छ । यसो गर्दा कतिपय योजना समयमा सम्पन्न हुन नसकेर बजेट फ्रिज हुने त, कतिपय योजनामा निर्माण सामग्रीको भाउ बढेर लागत मूल्य बढी पर्ने हुन्छ । स्थानीय विकास निर्माणका लागि जोश, जाँगर बोकेका कतिपय पाखुरीहरू वनको झमेलाका कारण निरुत्साहित भएर सेलाउने गरेका छन् । वनका कर्मचारीहरूले खडा गर्ने यस्ता झमेला अपवादबाहेक वन तथा वन्यजन्तु संरक्षण एवं पर्यावरण सन्तुलनको विशुद्ध उद्देश्य नभई आफूलाई अधिकारसम्पन्न देखाउन वा नजरानाको लागि गरिरहेका हुन्छन् ।**

**योजना निर्माणमा विलम्ब, चुहावट वा लगत इस्टिमेटभन्दा बढी रकम खर्च हुँदा समग्र मुलुककै विकासको गति पछाडि पर्छ । उदाहरणको लागि वीरगंज–ठोरी हुलाकी सडक दुई वर्ष पहिले नै सम्पन्न हुनुपर्ने हो, तर चितवन राष्ट्रिय निकुञ्जले अवरोध गरेपछि निर्माण कम्पनी योजना सम्पन्न नगरी हिंड्यो । वन तथा वन्यजन्तुको संरक्षण गर्दै पर्यावरण जोगाउनुपर्छ । यससँगै विकास निर्माण पनि जरुरी छ । नवनियुक्त वनमन्त्री प्रदीप यादव यस मामिलामा संवेदनशील देखिएका छन् । उनको कार्यकाल थोरै छ । यस कार्यकालमा वन मन्त्रालय मातहतका कर्मचारीहरूको नियतमा सुधार ल्याउन सकियो मात्रै भने पनि मुलुकको लागि ठूलै योगदान हुनेछ ।**

# पुरानो कार्यनीतिले वैज्ञानिक समाजवाद आउँदैन

स्वतन्त्र विचार




बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com


**नेताहरूलाई महान् देखाउने सबै प्रकारका गतिविधि सम्पूर्णरूपमा बन्द गरिनुपर्छ । नेताहरूलाई माला, खादा, लगाएर ठूलो देखाउने तर कार्यकर्ता वा जनता सानो देखाउने गतिविधिहरू पूर्णरूपमा बन्द गरिनुपर्छ ।**

यतिबेला नेपाली राजनीतिमा संसद्भित्र रहेका कथित कम्युनिस्ट पार्टीहरू तथा अन्य दक्षिणपन्थी पार्टीहरूबीचमा कुनै भिन्नता देखिरहेको छैन । नेपाली जनताले दुई तिहाइ बहुमतको सरकार बनाउने गरी संसद्भित्र कथित कम्युनिस्टहरूलाई सङ्घ तथा प्रदेशको निर्वाचनमा जिताएर पठाउँदा पनि तिनीहरूको कार्यशैली तथा परिणाम नेपाली काङ्ग्रेसको भन्दा खासै भिन्न रहेको अनुभूति नेपाली जनताले गर्न सकेन । कमिशन, घूस, माफिया, तस्करी जेजस्तो पार्टीहरूको सरकार बने पनि सदैव फल्ने–फुल्ने देखियो । कम्युनिस्ट पार्टीहरूले राखेको लक्ष्य साम्यवादमा पुग्ने पुलको काम गर्ने समाजवाद यतिबेला सबै पार्टीको लागि साझा कार्यक्रम हुन पुगेको छ । वर्तमानको नेपालको संविधानमा नै समाजवादतर्फ उन्मुख लेखिसकेपछि यो व्यवस्था नै कम्युनिस्ट पार्टीको हो कि जस्तो पनि भान हुन थालेको छ । संसद्वादी पार्टीले यसलाई सगौरव पस्किंदै पनि आएका छन् । जबकि वास्तविकता यसको ठीक उल्टो छ । उन्मुख भनेको फर्केको अर्थ हुन्छ । समाजवाद उन्मुख भनेपछि यसको अर्थ समाजवादतर्फ फर्केको मात्रै हुन्छ । अर्थात् कोही व्यक्ति सूर्यतिर फर्केको छ भने यसको मतलब त्यो सूर्यमाथि पुग्ने हो भन्ने कुरा कदापि हुँदैन । सूर्यतर्फ फर्किंदैमा सूर्यमा पुग्न सकिन्न । अहिलेको हाम्रो संविधान समाजवादतर्फ उन्मुख मात्रै हो । यसको माध्यमले हामी कहिले पनि समाजवादमा पुग्न सक्दैनौं । यो संविधानको मूल विशेषता आवधिक निर्वाचन हो । आवधिक निर्वाचनले एउटा निश्चित अवधिमा चुनाव भइरहन्छ । हार्ने दल प्रतिपक्षमा बस्छ र जित्ने दल सरकार चलाउँछ । यो नै हो, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधानको मूल भाव तर यसको विपरीत चुनावमा हारेर तेस्रो नम्बरको दल बन्न पुगेको नेपाली काङ्ग्रेस अहिले सरकारमा छ । सबैभन्दा बढी सदस्य जितेको पार्टी प्रतिपक्षमा बसेको छ । सत्तापक्ष र प्रतिपक्ष दुवैले समाजवादकै कुरा गर्छ तर समाजवादको बाटोमा कोही पनि हिंडेको देखिंदैन । यी दलहरू वर्तमान दलाल पूँजीवादी व्यवस्थाको दलाली गरेर बसेका छन् । जनताका समस्यासँग यिनीहरूलाई कुनै सरोकार नै छैन ।

साम्यवाद एउटा सामाजिक, आर्थिक संरचना एवं राजनीतिक विचारधारा हो । साम्यवादी व्यवस्थामा समतावादी, वर्गविहीन समाजको स्थापना गरिन्छ । यस व्यवस्थामा सबै उत्पादनका साधन एवं सम्पत्तिमा सम्पूर्ण समाजको स्वामित्व हुन्छ । साम्यवाद समाजवादको एउटा शाखा मानिन्छ । साम्यवादमा कुनै पनि सम्पत्तिमा कसैको पनि व्यक्तिगत स्वामित्व हुन्न तर उसले आफ्नो आवश्यकता अनुसार भोगचलन गर्न भने पाउँछ । यसरी समाजवादी आन्दोलनको मुख्य ध्येय नै साम्यवादमा पुग्ने भन्ने कुरा स्पष्ट छ ।

समाजवाद भन्ने शब्द सन् १९१७ को रूसी क्रान्ति पछाडि पूँजीवादी देशहरूले पनि निकै नै प्रयोग गर्न थालेका देखिन्छन् । पूँजीवादी देशहरूले तत्कालीन राजनीतिमा रूसी क्रान्तिको प्रभावलाई रोक्न तथा मार्क्सवाद लेनिनवादबाट आफ्नो साम्राज्यवादी संसार जोगाउन सर्वहारा श्रमिक वर्गमा भ्रम उत्पन्न गर्न समाजवाद शब्दको अत्यधिक दुरुपयोग गरेको देखिन्छ । यसै क्रममा कम्युनिस्टको हाउगुजी रोक्न संसारभर खासगरी पूँजीवादी तथा साम्राज्यवादी देशहरूले समाजवाद शब्दको अत्यधिक प्रयोग गरेका छन् ।

जेहोस्, यतिबेला नेपाली राजनीतिको कुरा गर्ने हो भने नेपाली काङ्ग्रेस, जनता समावादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी तथा संसद्भित्रका सबै कथित कम्युनिस्ट पार्टीले समाजवादको नारामा जनतालाई भ्रमित पार्दै आएका छन् । समाजवाद अर्थात् वैज्ञानिक समाजवाद जहाँ निजी सम्पत्तिको उन्मूलन गरेर सामुदायिक गर्नुपर्ने कार्यनीति अगाडि सारेर राजनीतिलाई बढाउनुपर्नेमा यसको ठीक विपरीत संसद्भित्रका सबै राजनीतिक पार्टी निजी सम्पत्ति आर्जनमा दिनरात लागिपरेका छन् । वर्तमानको चुनावी प्रणाली यसरी विकसित गर्दै लगिरहेका छन् कि एउटा वडाध्यक्षको चुनाव जित्नको लागि पनि एक करोड रुपैयाँ नभई नहुने अवस्था बन्दै गएको छ । यस्तोमा निर्वाचनपछि विजयश्री हात पारेका उम्मेदवार (जनप्रतिनिधि)हरूले स्वाभाविकरूपले आफ्नो लगानी असुलउपर गर्नतर्फ आफ्नो सम्पूर्ण क्रियाकलापलाई केन्द्रित गर्नुपर्ने स्वाभाविक नै हुन जानेछ । अनि यही आवधिक निर्वाचनको प्रक्रियालाई निरन्तर दोहोऱ्याइराख्दा देश कस्तो खाले समाजवादमा पुग्छ त ? यतिबेला कथित संसद्वादमा लागेका कम्युनिस्ट पार्टीहरू तथा साँच्चीकै मार्क्सवाद–लेनिनवाद–माओवादको आलोकमा साम्यवाद स्थापना गर्न लागिपरेका कम्युनिस्ट पार्टीहरूबीच के फरक छ त ? कसरी छुट्याउने, असली र नक्कली कम्युनिस्ट पार्टीहरू ?

अबको चरण वैज्ञानिक समाजवाद स्थापना गर्ने चरण हो । अब पुरानो क्रान्ति गर्ने सोचले वैज्ञानिक समाजवादको आन्दोलनलाई अगाडि बढाउनुको सट्टा दिग्भ्रमित गर्ने मात्रै हो । त्यसैले पुरानो तरीका जसमा कम्युनिस्ट पार्टीले राजनीतिक सत्ता फौजी बलद्वारा कब्जा गरेर समाजवादी सत्ता ल्याउने लेनिनवादी–माओवादी कार्यनीति छोड्नुपर्छ । यतिबेला दलाल पूँजीवादी व्यवस्थाको विकासक्रममा विज्ञान र प्रविधिको तीव्र विकासले कैयौं क्षेत्रमा मानव समाजलाई पुग्ने उत्पादन भइसकेको अवस्था रहेकोले अबको कम्युनिस्ट पार्टीले राजनीतिक, आर्थिक तथा सांस्कृतिक यी तीनवटै क्षेत्रमा एकैचोटि कार्य प्रारम्भ नगरेसम्म वैज्ञानिक समाजवाद ल्याउन सकिंदैन । राजनीतिकरूपमा पिरामिड आकारमा रहेको पार्टीभित्रको सङ्गठनात्मक संरचना तथा सरकार बनाउँदासमेत सोही संरचना अवलम्बन गरिंदै आएकोमा अब यसको ठीक उल्टो संरचना बनाउनुपर्ने आवश्यकता छ । पार्टीभित्र निर्णय गर्ने अधिकारहरू सम्पूर्णरूपमा सबैभन्दा तल अर्थात् ग्रासरूटमा रहेका सार्वभौम समितिहरूमा स्वतन्त्र तथा स्वायत्त किसिमले रहनुपर्दछ । केन्द्रीयताको नाममा निरङ्कुशता लाद्ने काम माथिबाट तल बन्द गरिनुपर्छ । त्यसैगरी, सरकारमा समेत जनप्रतिनिधिहरूलाई कुनै पनि प्रकारको निर्णय गर्ने अधिकार दिनुहुन्न । सम्पूर्ण निर्णय गर्ने अधिकार सरोकारवालाहरूलाई तथा केवल कार्यान्वयन गर्ने अधिकार जनप्रतिनिधिलाई दिनुपर्छ । यस प्रकारको संरचना पार्टीभित्रका सबै सङ्गठनमा तथा सरकारमा समेत राजनीतिकरूपमा गरिनुपर्दछ ।

नेताहरूलाई महान् देखाउने सबै प्रकारका गतिविधि सम्पूर्णरूपमा बन्द गरिनुपर्छ । नेताहरूलाई माला, खादा, लगाएर ठूलो देखाउने तर कार्यकर्ता वा जनता सानो देखाउने गतिविधिहरू पूर्णरूपमा बन्द गरिनुपर्छ ।

आर्थिकरूपमा पार्टी, नेता, कार्यकर्ता र जनता सबैलाई आत्मनिर्भर बनाउने नीति अगाडि सार्नुपर्छ । देशमा बेरोजगारी बढाएर युवाहरू विदेश पठाएर कहिले पनि परनिर्भरताबाट मुलुक समृद्ध बन्न सक्दैन । यसर्थ कम्युनिस्ट पार्टीका प्रत्येक नेता, कार्यकर्ता कुनै न कुनै एउटा उत्पादन केन्द्रसँग जोडिनैपर्छ । उत्पादनको प्रसङ्ग नजोडिए उक्त व्यक्ति कम्युनिस्ट पार्टीको सदस्य नै बन्न नसक्ने स्पष्ट विधानमा व्यवस्था गर्नुपर्छ । उत्पादन केन्द्रले सार्वभौम समितिमार्फत देशैभरि हजारौं–लाखौं उत्पादनको कामको सुरुआत गरेर मुख्यरूपमा बेरोजगारीलाई सम्बोधन गर्नुपर्छ । सार्वभौम समितिहरू समुदायमा आधारित हुनुपर्छ । यो मुनाफामुखीभन्दा सेवामुखी हुनुपर्छ । जनता तथा पर्यावरणलाई नोक्सान गर्ने किसिमको वस्तु वा सेवाको उत्पादन सार्वभौम समितिले गर्नुहुन्न । सार्वभौम समितिले उत्पादन, विनिमय, वितरण तथा उपभोगको आर्थिक चक्र पार्टीकै सदस्य, समर्थक तथा शुभचिन्तकहरूको बीचमा खडा गर्नुपर्छ, जसले गर्दा समाजमा विद्यमान दलाल पूँजीवादी अर्थव्यवस्थाविरुद्ध समाजवादी अर्थात् वैज्ञानिक समाजवादी अर्थव्यवस्था निर्माण गरेर आत्मनिर्भर पार्टी, कार्यकर्ता, नेता तथा समुदाय निर्माण गर्ने दिशामा अगाडि बढ्नुपर्छ । अनिमात्र वैज्ञानिक समाजवाद लागू गर्न सकिन्छ ।

हालसम्म हामीसँग रहेका संस्कृतिको नाममा सामन्ती तथा दलाल पूँजीवादी संस्कृतिहरू नै छन् । यिनीहरूलाई कायम राखेर हामी वैज्ञानिक समाजवादी संस्कृति भएको समुदाय निर्माण गर्न सक्दैनौं । अर्थात् हामी हालको निर्वाचन प्रक्रिया बहिष्कार गर्दै वैज्ञानिक समाजवादी आर्थिक प्रणाली र सांस्कृतिक समुदायसमेत निर्माण गरेर आजैबाट अगाडि बढ्न जरुरी छ । मानिसको जन्मदेखि मृत्युसम्मको गर्दै आइएका संस्कारहरू हालसम्मका प्रायः सबै धार्मिक मूल्य–मान्यतामा आधारित रूढिवाद तथा दलाल पूँजीवादको उपभोक्तावाद र बजारवादको सिद्धान्तबाट निर्देशित मात्रै छन् । यस्ता कुराहरूले आजसम्म मुख्यरूपमा हामीलाई कहाँ पुऱ्यायो ? विभेद र मूर्खतापूर्ण गतिविधिबाहेक अरू के विशेषता छ, हाम्रो संस्कृतिको ? सामन्तवाद र दलाल पूँजीवादसमेतले स्वीकारेको जातपात व्यवस्थामा मानिस–मानिसबीचको कति ठूलो खाडल छ । यस खाडललाई समूल नष्ट गरी दलित तथा जनजाति र सीमान्तकृतहरू पनि समुदायभित्र बराबरीको जीवन जिउने अभ्यास वैज्ञानिक समाजवादी संस्कृतिले नगरे कसले गर्छ ? जन्मदिन, विवाहको वर्षगाँठ र मृत्यु संस्कारमा देखिएका अन्धविश्वास, रूढिवादिता तथा धार्मिकताको पर्दालाई हटाएर विज्ञानको आधारमा कसरी हाम्रो संस्कृतिलाई अगाडि बढाउने भन्ने कुरामा कम्तीमा कम्युनिस्ट पार्टीका सदस्यहरूको बुझाइमा एकरूपता तथा निर्णयको कार्यान्वयन गर्न जरुरी छ । अहिले के देखिएको छ भने मान्छे आफूलाई कम्युनिस्ट पनि भन्ने, पार्टीको सदस्यता पनि लिने, जिम्मेवार कमिटी र पदमा पनि बस्ने तर आचरण अर्थात् संस्कार पूर्णारूपेण धार्मिक, अमार्क्सवादी गरिराख्ने गरेमा कसरी निर्माण हुन्छ वैज्ञानिक समाजवाद ।

# 'एक मस्तिष्क मरणबाट आठजनाको ज्यान जोगिन्छ'

काठमाडौं, ३१ असार/रासस

एउटा मस्तिष्क मरणबाट आठजनाको ज्यान जोगाउन सकिने देखिएको छ । नेपाल प्रेस इस्न्टिच्युटले शुक्रवार आयोजना गरेको कार्यक्रममा शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रका कार्यकारी निर्देशक डा पुकारचन्द्र श्रेष्ठले एउटा मस्तिष्क मरणबाट आठजनामा अङ्ग प्रत्यारोपण गर्न सकिने बताए ।

उनका अनुसार मिर्गौला, फोक्सो, मुटु, कलेजो, प्याङ्क्रियाज र सानो आन्द्रा मस्तिष्क मरणबाट अङ्ग प्रत्यारोपण गर्न सकिन्छ । "एकजनाको मस्तिष्क मृत्युको विभिन्न अङ्ग प्रयोग गरेर आठजनाको ज्यान बचाउन सकिन्छ," उनले भने, "खरानी भएर जाने वा गाडेर सकिने अङ्ग दान गर्दाखेरी कसैले पुनर्जीवन पाउन सक्छन् र अङ्ग पनि त्यो व्यक्तिमा गएर बाँचिरहने भयो ।"

नेपालमा जनचेतनाको अभावमा आफ्नो मृत्युपश्चात् अङ्ग दान गर्न हिच्किचाइरहेका छन् । जबकि अङ्गदान गर्दा अङ्ग बिग्रेका व्यक्तिले पुनर्जीवन पाउने उनको भनाइ छ । केन्द्रले अहिलेसम्म ९०० जनाको मिर्गौला र नौजनाको कलेजो प्रत्यारोपण गरिसकेको छ । हिजो मात्र एकै दिन चारजनाको मिर्गौला प्रत्यारोपण गरेको उनले जानकारी दिए । मस्तिष्क मरण व्यक्तिको अङ्गबाट हालसम्म आठजनाको मिर्गौला र दुईजनाको कलेजो प्रत्यारोपण भइसकेको छ ।

हालै मात्र नेपाल सरकार मन्त्रिपरिषद्का प्रधानमन्त्री तथा सम्पूर्ण मन्त्रिपरिषद्का सदस्यले आफ्नो मृत्युपश्चात् अङ्गदान गर्ने घोषणा गरिसकेका छन् । केन्द्रमा १० जना सर्जन, नौजना फिजिशियन, प्रत्यारोपण संयोजकसहित तीनजनाको टोली र सातजना एनेस्थेसियोलोजिस्टलगायतको टोली २४ घण्टा प्रत्यारोपणका लागि तयारी अवस्थामा रहेका छन् ।

कार्यक्रममा स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री भवानीप्रसाद खापुङले मस्तिष्कघातपछि अङ्गदान दिनुपर्ने विषयमा जनचेतना कमी भएको बताए । आफूले पनि अङ्गदान गरिसकेको जानकारी दिंदै उनले अङ्गदानसम्बन्धी जनचेतना जगाउनुपर्ने बताए । "मैले पनि मस्तिष्कघातपछि अङ्गदान गर्ने घोषणा गरिसकेको छु । समाजका मानिसलाई अङ्गदानसम्बन्धी सचेत गराउनुपर्नेछ । अङ्गदानको महत्त्व धेरै छ," उनले भने ।

मन्त्रालयका सचिव डा रोशन पोखरेलले अङ्गदानबारे जनचेतना जगाउन आवश्यक रहेको बताए । उनले सातवटै प्रदेशमा मिर्गौला प्रत्यारोपण पुऱ्याउन तयारी गरिएको बताए । वरिष्ठ न्यूरोसर्जन डा वसन्त पन्तले मस्तिष्कको मरणबाट अन्य मानिसको ज्यान बचाउन सकिने बताए । उनले मस्तिष्क मरण भएपनि अन्य अङ्गको मरण बिस्तारै हुने भएकाले अन्य अङ्गलाई निकालेर अरू मानिसमा प्रत्यारोपण गर्न सकिने बताए ।

"मस्तिष्क मरणसँगै हरेक अङ्ग मर्दै जान्छ । ह्वात्तै मानिस मर्दैन । सबै अङ्ग मरेपछि मस्तिष्क मरण हुन्छ," उनले भने, "मस्तिष्क मरण भएपनि अङ्ग बाँचेको हुनाले अङ्ग निकालेर अरू बिरामीमा प्रत्यारोपण गर्न सकिन्छ ।" उनले अङ्गदानसम्बन्धी जनचेतना

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

वाटिका


वर्ष ३५ २०७९ असार ३२ गते शनिवार 2022 July 16 Saturday


# भानुभक्त, रामायण र साक्षरता

स्वान्त सुखायः

सञ्जय मित्र
mitrasanjay41@gmail.com

साहित्य यस्तो माध्यम हो, जसले मानिसलाई पछि र परन्तुसम्म चिनाइरहन्छ। के भनिन्छ भने पत्रकारिताले मानिसलाई तत्काल चिनाउँछ तर साहित्यले मानिसलाई पछि मात्र चिनाउँछ। यसको अर्थ यो पनि हो कि पत्रकारिता क्षेत्रमा पत्रकारिता गरिरहुन्जेल मानिसले चिन्छन् र पत्रकारिताबाट ओझेल परेपछि मानिसले बिस्तारै बिर्सन्छन्। तर साहित्यमा भने पछि र परन्तुसम्म मानिसले चिन्दै जान्छन्। एक पुस्ताबाट अर्को पुस्तामा चिन्ने बढ्छन् र कालान्तरमा झन् बढी चिन्ने मानिसको सङ्ख्या बढेको हुन्छ।



हो, पत्रकारलाई चिन्ने भूगोल र कालको तुलनामा साहित्यकारलाई चिन्ने भूगोल र कालको विस्तार ठूलो हुन्छ। यद्यपि पत्रकारितामार्फत पनि साहित्यकारलाई चिन्न वा चिनाउन सजिलो हुन्छ भने साहित्यकारले पत्रकारलाई खासै चिनाउनु आवश्यक हुँदैन।

नेपाली भाषाको साहित्यमा भानुभक्त आचार्यलाई आदिकविको उपाधि दिने साहित्यकार हुन्- मोतीराम भट्ट। मोतीराम भट्टले भानुभक्तका रचनाहरूको सङ्कलन गरी प्रकाशन गराए, भानुभक्तका रचनाहरूको समालोचना लेखे, भानुभक्तको जीवनी पनि तयार पारे। वास्तवमा भानुलाई चिनाउने काम नै भट्टले गरेका हुन्। भट्टले भानुको रामायणको पनि चर्चा गरेका छन् र भट्टले पहिलो चोटि भानुभक्त आचार्यलाई आदिकविको उपाधि दिएका हुन्। भानुभक्त आचार्यभन्दा पहिले पनि नेपाली भाषामा धेरै कविले कविता सिर्जना गरेका छन्। कतिपयका कविता निकै राम्रा पनि छन्। युगलाई जितेका कविताहरू पनि नभएका होइनन् तर केही रचना वा कृति भएर मात्र होइन कि भानुभक्तले तत्कालीन समाजलाई बुझेर, जुन कलात्मकता र व्यङ्ग्यात्मकतासहित फुटकर र अन्य काव्यको सिर्जना गरे, ती आफैंमा नभूतो थियो। साथै रामायणको प्रकाशनले त भानुभक्तलाई नेपाली लोकजीवनमा यसरी स्थापित गरिदियो कि भानुभक्त र रामायण पर्यायवाची बन्न पुगे।

भानुभक्तभन्दा पछि पनि रामायण लेख्ने काम भएको छ। रामायणलाई आफ्नै किसिमले लेख्नेहरू अन्य नेपाली सर्जक पनि छन्। नेपाली भाषामा पनि दर्जनले रामायणको रचना गरेका छन्। तर भानुको जुन प्रियता छ, त्यो अद्वितीय छ। भानुले लेखेको रामायण अहिलेसम्म पनि सबैभन्दा चर्चित र लोकप्रिय भइरहनुमा यसका आफ्नै मौलिकताहरू हुनु हो। भानुभक्तले लेखेको रामायणलाई कतिपयले अध्यात्म रामायणको नेपाली अनुवाद पनि भनेका छन् तर यसलाई अनुवाद मात्र भनेर पुग्दैन। मूल आख्यानलाई नेपालीकरण गरिएको छ भन्न सकिन्छ। संस्कृतबाट नेपालीमा भाषान्तर मात्र होइन भानुभक्तको रामायण। धेरै अध्ययनले यो स्पष्ट पारिसकेको छ कि भानुभक्तको रामायणमा पर्याप्त मौलिकता छ। नेपाली परिवेशमा लेखिएको रामायण भएकोले नै यसलाई सर्वसाधारणले पनि मन पराएका हुन्। सर्वसाधारणले मन पराएको मात्र होइन, तत्कालीन समाजको परिवर्तनमा पनि यस कृतिले भूमिका निर्वाह गरेको देखिन्छ।

एउटा कृतिले पनि समाजको परिवर्तनमा भूमिका निर्वाह गर्दछ भन्ने कुरामा कतिपयलाई पत्यार नहोला। अझ त्यो समयमा जुन समयमा अहिलेभन्दा निकै कम साक्षरता थियो र अहिलेभन्दा निकै कम चेतना थियो। एउटा सामान्य उदाहरण हेरौं। केही दशक पहिले रामायण धारावाहिक टेलिभिजनमा प्रसारण हुँदा एकातिर टेलिभिजनको बिक्री बढेको थियो भने अर्कोतिर टेलिभिजनमा विभिन्न भूमिकामा देखिने पात्रहरूलाई सोही अनुसारको व्यवहार हुन थालेको थियो। रामायणका राम, सीता र लक्ष्मण पात्रहरू अहिले पनि जीवित नै छन् र अहिले पनि विभिन्न कार्यक्रममा आइरहन्छन्। रामायणसितको भूमिकाको बारेमा अहिले पनि रोचक प्रसङ्गहरू सुनाइरहन्छन्। तिनीहरूले भन्ने गर्छन् कि उनीहरूलाई साक्षात् भगवान नै मान्ने मानिसको समुदाय नै ठूलो छ। अनेक ठाउँमा पुग्दा उनीहरूले त्यही भूमिकाको व्यवहार पाउने गरेका छन्। देश र विदेशमा पनि उनीहरूप्रति श्रद्धा र सम्मान अहिलेसम्म पनि छँदैछ। यहाँसम्म कि कतिपय मानिसले अहिले पनि राम, लक्ष्मण र सीताको फोटो भनेर बजारमा पनि बिक्री तिनै पात्रको हुने गरेको छ र धेरैले तिनैको फोटोप्रति अत्यन्त श्रद्धा र विश्वासका साथ पूजा तथा आरती पनि गर्ने गरेका छन्। अहिले त चेतना र शिक्षा दुवैमा विस्तार भएको छ तर पनि मानिसको आस्था र विश्वासमाथि प्रश्न उठाउन त्यत्ति सजिलो छैन।

मोतीराम भट्टले भानुभक्त आचार्यलाई चिनाउँदै गर्दा त्यसभन्दा पहिले कुनै साहित्यकारले अन्य कुनै साहित्यकारका बारेमा त्यसरी चिनाउने चलन खासै थिएन। भट्टले आचार्यलाई नै किन चिनाउने प्रयास गरे ? किन आचार्यलाई नै आदिकविको उपाधि दिए। किन आचार्यले दिएको उपाधिलाई सय वर्षभन्दा बढी समय बितिसक्दा पनि कसैले चुनौती दिन सकेका छैनन् ? यदि कसैले दिएको भएपनि त्यो व्यक्तिगत बनेर रहेको छ र नेपाली समाजले भानुभक्त आचार्यलाई आदिकवि मानेको छ, मान्दै रहने पनि छ। आदिकवि भानुभक्त आचार्यका कविताहरूले वर्तमानलाई बोलेको त हो नै, भविष्यलाई पनि समातेर राखेको छ। रामायण एउटा दृष्टान्त हो। के भनिन्छ भने रामायणले गर्दा नेपाली भाषाको एकीकरण सम्भव हुन सकेको हो। पृथ्वीनारायण शाहले नेपालको भूगोलको एकीकरण गरे र भानुभक्त आचार्यले नेपाली भाषाको एकीकरण गरे। नेपाली समाज जहाँसम्म जोडिएको थियो र छ, त्यहाँसम्मका सबैको प्रिय र एकमात्र प्रिय ग्रन्थ रामायण बन्न पुग्यो। यस कृतिको लोकप्रियताले नै हुनुपर्छ दार्जिलिङमा आदिकवि भानुभक्त आचार्यको पूर्ण कदको सालिक दशकौंदेखि ठडिइरहेको छ। त्यहाँका एक साहित्य साधक भन्छन्- यहाँका सबै नेपाली समुदायमा भानुभक्तको रामायण घरघरमा एउटा पूज्य ग्रन्थको रूपमा रहेको छ।

हिन्दू समुदायको लागि रामायण पूज्य ग्रन्थ हो, यसमा सन्देह छैन। यस ग्रन्थलाई धेरैले पूजा गर्ने भएकाले यसलाई पुण्य ग्रन्थ पनि मान्छन्। रामायणप्रति श्रद्धा र विश्वास रहेको कारणले त्यस जमानाका नेपाली मातृभाषी तथा नेपाली समाजले यसलाई घरको एउटा पूज्य ग्रन्थको रूपमा मात्र नराखेर सामाजिक ग्रन्थको रूपमा लिएको देखिन्छ। कोही एकले रामायण वाचन गर्ने तथा अन्यले सुन्ने काम गरेका थिए। रामायणलाई सुन्ने तथा सुनाउने कामलाई पनि पुण्यको काम त्यस जमानामा मानिएको पाइएको छ। यसैले कतिपयले कानले सुनेकै भरमा यसका श्लोकहरू गाउने गरेका थिए। रामायणको श्लोक गाउँदा एकातिर धर्मको प्राप्ति हुने र अर्कोतिर मुक्ति पाउनेसम्मको आस्था त्यस बेलाको समाजमा रहेको थियो। यही कारणले जो आफूलाई सक्षम बनाउन सक्ने विश्वास राख्थे, रामायण पढ्नकै लागि साक्षर बन्थे। रामायण आफैंले पढेर अद्भुत र अलौकिक सुख प्राप्त गर्नेहरू थिए र यही अद्भुत तथा अलौकिक सुखसत्ता प्राप्त गर्नका लागि कतिपय मानिस साक्षर बनेका थिए। हो, रामायणले तत्कालीन समाजको साक्षरतामा वृद्धि गरेको इतिहास देखिन्छ।

रामायण आफ्नै मुखले पढ्न र रामायण पढ्दाको आनन्द अनुभूति गर्न, म पनि रामायण पढ्न सक्छु र रामायणलाई आफैंले पढेर बुझ्न सक्छु भन्ने आफैंलाई पार्न पनि धेरै मानिसले आफूमा साक्षरता ल्याएका थिए। यस प्रकारका साक्षरताको एउटा विशेषता के रहेको मानिएको थियो भने लेख्न खासै जान्दैनथे तर पढ्न भने सक्थे। कतिपय मानिस यस्ता पनि थिए कि जसलाई रामायण पढ्न जति सजिलो थियो, त्यत्ति सजिलो अन्य कुरा पढ्न थिएन। हुनत त्यत्तिखेर पढ्नुपर्ने सामग्रीको अभाव थियो होला र विपन्नताको कारणले अन्य ग्रन्थ किन्ने क्षमता थिएन वा सहजतापूर्वक उपलब्ध हुने वातावरण थिएन। तर धेरैका लागि विपन्नता वा क्षमताभन्दा धेरै अलग रामायण हुन जान्थ्यो। रामायणलाई आफ्नो घरमा राख्न पाएकोमा मनमा शान्ति हुने वा आध्यात्मिक सुखको प्राप्ति हुने धेरैको

(बाँकी पाँचौं पातामा)

# "भोरिया पढाइ" र बाललीला

'माइ हो, बडी कस के हमर पेट दुखाता, आजु हम पढे ना जाएम।' पेट दुखिरहेकोले आज विद्यालय नजाने कुरा छोराले आमासँग भन्दै थियो। आमालाई थाहा थियो कि छोरोले बहाना बनाइरहेको छ। अस्ति पनि टाउको दुखेको भन्दै छोरो विद्यालय गएको थिएन। वास्तविकता र बहानाबीचको अन्तर छुट्याउन आमालाई कठिन हुँदैन। सन्तानको बहानालाई पनि आमाले झर्को नमानी धैर्यताका साथ समाधान गर्छिन्। त्यसैले आमालाई अतुल्य मानिन्छ। सन्तानको दुःखमा दुःख र सुखमा सुखको अनुभूति गर्ने आमाको ममत्व सन्तानप्रति कहिल्यै कम हुँदैन।


मधेसमा सन्तानले आमासँग दुःखेसो पोख्दा आमाले छोरालाई सुगा तथा छोरीलाई सुगी भनेर ममत्व जाहेर गर्छिन्। आमाले छोरासँग भनिन्, "आरे हमर सुगा, तोहर पेट दुखाता ? रह हम दवाइ क देतानी।" छोरालाई माया गर्दै आमाले उपचार गर्ने कुरा सुनाइन्। छोराले बहाना बनाइरहेको कुरा आमालाई थाहा हुँदाहुँदै पनि छोरालाई काखमा बसाइन्। छोराको कपाल सुम्सुम्याउँदै निधारमा म्वाइ खान थालिन्। मुठी बाँधेर छोरासँग मुठीमा तीनपटक फुक्न भनिन्। छोराले मुठीमा फुकिदिएपछि आमाले छोराको पेटमाथि हातले सुम्सुम्याउँदै 'अन्त्रु मन्त्रु छु कलन्तरु, हामरा बेटा के पेट के दर्द छुटन्तरु' भन्दै छोराको मनोविज्ञान अनुमान गर्न थालिन्। नानीबाबुहरूको बहाना निको पार्ने यो उपाय सदियौंदेखि पुस्तान्तरण हुँदै आइरहेको छ।

केटाकेटीहरू चेतनशील भएपछि उनीहरूले उपरोक्त मन्त्रको रहस्य मात्र थाहा पाउँदैनन्, अपितु आफ्ना सन्तानमाथि प्रयोग पनि गर्छन्। अन्तमा आमाले रोटीमा नून-तेल मोलेर छोरालाई खुवाइन्। त्यसपछि पानी खुवाउँदै छोरासँग सोधिन्, "लाल हमर, अब कइसन बा पेट के दर्द हो ?" अर्थात् "छोरो अब कस्तो छ, पेटको दुखाइ ?" छोरोले प्रतिउत्तर दिएन। चुपचाप थियो। किनभने ठीक छ भनेपछि आमाले विद्यालय पठाइदेलिन् भन्ने मनोविज्ञानले नाबालक त्रस्त थियो। आमाले पनि छोरालाई विद्यालय जाने करकाप गरिनन्। उनले सरल उपाय अपनाइन्।

आमाले बुबासँग आँप देखाउँदै आज छोरोको पेट दुखेर विद्यालय नजाने भएकोले छिमेकी बच्चालाई दिने कुरा सुनाइन्। पत्नीको कुरा सुनेर पति मुसुक्क हाँसे। छोरालाई यो कुरा असह्य भयो। तन्किँदै छोराले भन्यो, "माइ, पहिले से अभिन पेटवा के दर्द ठीक बा। हम पढे जाइँ ?"

असारको उग्र गर्मीमा बिहानको समय नशा चढेझैं निद्रा लाग्छ। यस्तो अवस्थामा बाल्यकालीन निद्रा स्वतः खुल्ने कुरै भएन। आमाले कराउँदै पानी छर्केर उठाएपछि विद्यालय जाने बाललीला भुक्तभोगीहरूलाई अहिले पनि स्मरण होला। किताब-कापी बोरामा हालेर र काखीमा च्यापेर आँखा मिच्दै विद्यालय जाने अवस्थामा शौचादि गरेर जाने कुरै भएन। बाल्यावस्थामा शौचादिको वेग उत्पन्न नभएसम्म निवृत्त हुने कुरै हुँदैन। कक्षामा दुर्गन्धित वायुको प्रदूषण फैलिएपछि एकले अर्कामाथि शङ्का गर्ने वा दोष लगाउने बाललीला थियो। दुर्गन्ध जब शिक्षकसम्म पुग्थ्यो, तब दूधको दूध र पानीको पानी हुन्थ्यो। विद्यालयको कोठामा जब बिहानको शीतल हावाले जीउलाई स्पर्श गर्थ्यो, तब आँखा झ्याप-झ्याप नहुने कुरै थिएन। पिठ्यूँमा शिक्षकको छडी परेपछि होश खुल्थ्यो।

'भोरिया पढाइ' भन्ने उहिलेको वाक्यांश अहिले 'मर्निङ स्कूल'मा परिणत

सरोकार

राजेश मिश्र
rajesh560107@gmail.com

भइसकेको छ। उहिले भोरिया पढाइ भन्ने बित्तिकै बाल मस्तिष्क पढाइभन्दा खाजा पाइने कुरामा बढी केन्द्रित थियो। भुजा (मुरी) वा रोटीसँगै आँप वा गुड वा नून-प्याज आदि रुमाल वा गम्छामा बाँधेर लगिन्थ्यो। खाजाको पोको पटक-पटक हेर्ने र टिफिन हुने आतुरता उत्तिकै हुन्थ्यो। यदाकदा जलेबी वा गाँजा मिठाइ पाइहाल्यो भने मन फुरुङ्ग हुन्थ्यो।



खाजाको लोभमा शुरूका केही हप्ता रमाइलो गरी बित्थ्यो। त्यसपछि एकाबिहानै उठ्नु फलामको चिउरा चपाउनुभन्दा कम थिएन।

समयको गतिसँगै विद्यालयमा दूध र हलुवा पाउन थाल्यो। अधिकांश अभिभावक आफ्ना नानीबाबुलाई प्रत्येक दिन खाजा उपलब्ध गराउन असमर्थ थिए। सरकारीस्तरबाट विद्यालयमा दूध र हलुवा पाउन थालेपछि बालबालिकाहरूको उपस्थिति स्वस्फूर्तरूपमा बढ्न थाल्यो। अहिले पनि सरकारी विद्यालयहरूमा खाजाको व्यवस्था जारी छ। सोही खाजामा विद्यालय बन्द रहेका बेलासमेत खाजा खुवाइएको बिल भरपाई बनाएर करोडौं रुपैयाँ अपचलन गरिएको घटना अहिले चर्चामा छ। भुइँचालो, चक्रवात, कोरोनालगायतका प्राकृतिक विपत्तिका बेला आर्थिक दोहन गर्ने जमात विद्यार्थीहरूको खाजामा कसरी कुनियत देखाउँदैनन् ?

भोरिया पढाइबारे झन्डै चार दशकअघिको प्रसङ्ग अहिले पनि मस्तिष्कमा ताजै छ। कर्कटपाताले छाएको विद्यालयको छाना केही दिनअघि हावाहुरीले उडाइदिएको थियो। त्यसपछि पठनपाठन विद्यालयभन्दा केही मिटरको दूरीमा अवस्थित बगैंचामा हुन थाल्यो। गर्मी महीना भएकोले खुला स्थानमा रूखको छहारी र हावादार बगैंचामा विद्यालयको कोठाभन्दा बढी रमाइलो अनुभूति भइरहेको थियो। गर्मीयामको चर्को घाममा कर्कटपाता अत्यधिक तात्ने हुनाले विद्यार्थीहरूलाई बगैंचामा बढी रमाइलो लागिरहेको थियो।

उक्त बगैंचामा बीसवटाभन्दा बढी विभिन्न थरीका आँपका रूख थिए। रूखका हाँगाहरूमा सुगा, काग, गौथली, गसरगट्टा, उल्लु, रूखीलगायत थरीथरीका चराचुरुङ्गीहरूको गुँड थियो। बगैंचाभन्दा केही मिटरको दूरीमा अवस्थित बाँसघारीबाट चराहरूको चिरबिर टाढासम्म सुनिन्थ्यो। छेउमै रहेको कच्ची सडक भएर किसानहरूले हलो, कोदालो तथा महिलाहरूले डेली, खुर्पी र हँसिया लिएर खेततर्फ गइरहेका हुन्थे। चराचुरुङ्गीहरूको चिरबिर, नीलो आकाश, हरियो बगैंचा र उदाउँदो सूर्यको प्रकाश माझ गुरुले शिष्यहरूलाई शिक्षा प्रदान गर्दथे।

बेन्चमा बसिरहेका गुरुजीले धोतीको कुनालाई बत्ती बनाएर घरीघरी नाकमा घुसाउँथे। छिंक आउँला जस्तो हुन्थ्यो तर आउँथेन। केहीबेर विद्यार्थीहरूलाई पढाइसकेपछि पुनः बत्ती नाकमा घुसाउँथे। लाख प्रयत्नको बावजूद गुरुजीलाई छिंक आइरहेको थिएन। शायद उनी छिक्न चाहन्थे। कहिले विद्यार्थीहरूलाई पढाउने त कहिले बत्ती नाकमा घुसाउने प्रक्रिया जारी थियो। तीनतर्फबाट बोरा बिछ्याएर विद्यार्थीहरू बसिरहेका थिए भने एकातर्फ बेन्चमा बसेर गुरुजीले पढाइरहेका थिए।

उहिले शहर केन्द्रित विद्यालयहरूबाहेक गाउँदेहातका विद्यालयहरूमा विद्यार्थीहरूलाई बस्ने बेन्चको सुविधा अपवादबाहेक थिएन। जसोतसो शिक्षकहरूलाई बस्ने एकाधवटा कुर्सी र बेन्च मात्र थियो। त्यस कारण बस्नका लागि प्रत्येक विद्यार्थीले अनिवार्यरूपमा बोरा लिएर जानुपर्थ्यो। यता शिक्षकको आदेशानुसार विद्यार्थीहरूले शिर हल्लाइहल्लाइ ठूल्ठूलो स्वरमा पाठ रटिरहेका थिए। उता शिक्षकले आँखा बन्द गरी धोतीको कुना बिस्तारै नाकमा पसाइरहेका थिए। जति प्रयास गर्दा पनि छिंक नआउनाले गुरुजीको मनोदशा उग्र भइरहेको थियो।

गुरुजीले नाकमा धोतीको कुना पसाइरहेका बेला एक्कासि दुईवटा आँप खस्यो। एउटा आँप गुरुजीको पिठ्यूँ स्पर्श गर्दै तल खस्यो। अर्को आँप उनको शिरमा खसेसँगै गुरुजीलाई तारम्तार चार/पाँच पटक छिंक आयो। उनको आँखा रातो हुनुका साथै रसायो। नाकबाट पानी चुहिरहेको थियो। नाक सफा गरेपछि गुरुजीको मुहारमा मुस्कान स्पष्ट झल्किरहेको थियो।

एक विद्यार्थीले छेउको विद्यार्थीलाई देखाउँदै भन्यो, "माडसाहेब, हई देखी हइ छावडा के बोरा पर पानी गिर गइल बा, आ महकतो बा।" छेउमा बसेको साथीको बोरामा पानी खसेको र उक्त पानी गन्हाइरहेको विषयमा गुरुजीसँग गुनासो गर्‍यो। शिक्षकले विद्यार्थीलाई उठाएर हेर्दा विद्यार्थीको कट्टु पनि भिजेको थियो। गुरुजीले कारण सोधेपछि प्रतिउत्तरमा विद्यार्थीले अघिदेखि पिसाब रोकेको र डरले पाँच मिनट जाने अनुमति नमागेको बतायो। गुरुजीले विद्यार्थीहरूलाई पाँच वा दश मिनट अर्थात् दिसापिसाब लाग्यो भने निसङ्कोच आफूसँग भन्ने आश्वासन दिँदै बोरामा पिसाब गरेको विद्यार्थीलाई घर जाने अनुमति दिए।

अहिले वैशाखदेखि शुरू हुने शैक्षिक सत्र उहिले पुसदेखि शुरू हुन्थ्यो। वैशाखको दोस्रो हप्तादेखि बिहानी कक्षा सञ्चालन हुन्थ्यो। त्यसैगरी, असारको पहिलोदेखि दोस्रो हप्ताको बीचमा अर्द्धवार्षिक परीक्षा हुन्थ्यो भने असार १५ गतेदेखि ४५ दिनको गर्मी बिदा हुन्थ्यो। परीक्षापछि गर्मीको बिदा हुने कुराले बाल मस्तिष्कलाई औंधी खुशी पार्थ्यो। बिदाको सूचना पाएसँगै खुशीले फुरुङ्ग केटाकेटीहरू 'गर्मी के हो गइल छुट्टी, मारे के लइका कुट्टी' चिच्याउँदै र उफ्रँदै आआफ्नो घर जान्थे। फर्केर नआउने उहिलेको भोरिया पढाइको सम्झना आज पनि धेरैलाई हुँदो होला।

# द्रोण पर्व-८५



महाभारतबाट सङ्कलन तथा अनुवाद
उमाशङ्कर द्विवेदी

यसपछि उनले यमदण्डको समान घोर बाण धनुषमाथि राखेर घटोत्कचको छातीमाथि प्रहार गरे। त्यो महान् बाण घटोत्कचको छातीलाई छेडेर पृथ्वीभित्र छिर्‍यो, घटोत्कच मूर्छित भएर भूमिमाथि लडे। उनलाई मरेर लडेको अनुमान गरी धृष्टद्युम्नले अश्वत्थामाको नजीकबाट आफ्नो रथलाई टाढा लिएर गए। युधिष्ठिरका सेनाका राजाहरू भागे। वीरवर अश्वत्थामाले पाण्डवसेनालाई परास्त गरेर सिंहको समान गर्जना गर्न थाले। त्यति बेला अन्य सबैजना तथा तपाईंका पुत्रहरूले पनि द्रोणकुमार अश्वत्थामाको विशेष सम्मान गरे। सिद्ध,



गन्धर्व, पिशाच, नाग, सुपर्ण, पितर, पक्षी, राक्षस, भूत, अप्सरा तथा देउताहरूले पनि अश्वत्थामाको प्रशंसा गर्न थाले।

सञ्जय भन्छन्- महाराज, अश्वत्थामाले राजा कुन्तीभोजका दशजना पुत्र तथा हजारौं राक्षसको संहार गरिदिए। यो हेरेर युधिष्ठिर, भीमसेन, धृष्टद्युम्न र सात्यकिले पुनः युद्धमैं मन लगाए। सङ्ग्राममा सात्यकिमाथि दृष्टि पर्ने बित्तिकै सोमदत्त पुनः रिसले मुर्मुरिए। उनले बाणहरूको घनघोर वर्षा गरेर सात्यकिलाई आच्छादित पारिदिए। अनि दुवै पक्षमा बडो भयङ्कर युद्ध थालियो। सोमदत्तलाई नजीक आएको हेरेर सात्यकिको रक्षा गर्नको लागि भीमसेनले उनलाई दशवटा बाण हानेर घाइते पारिदिए। सोमदत्तले पनि उनीमाथि एक सयवटा बाण हानेर उनलाई घाइते पारिदिए। यो हेरेर सात्यकि क्रोधले मुर्मुरिएर वज्रको समान तीक्ष्ण दशवटा बाण हानेर सोमदत्तलाई घाइते पारिदिए। तदन्तर भीमसेनले सात्यकिको पक्ष लिएर सोमदत्तको मस्तकमाथि एउटा भयङ्कर परिघको प्रहार गरे। साथै सात्यकिले पनि अग्निको समान तेजस्वी बाण उनको छातीमाथि हाने। परिघ र बाण दुवै एकै साथ सोमदत्तलाई लाग्यो, यसबाट उनी मूर्छित भएर लडे।

पुत्रलाई मूर्छित भएको हेरेर बाल्हीकले धावा गरे, उनले वर्षाकालीन मेघझैं बाण वर्षाउन थाले। भीमसेनले पुनः सात्यकिको पक्ष ग्रहण गरेर नौवटा बाण हानेर बाल्हीकलाई घाइते पारे। अनि प्रतीपनन्दन बाल्हीकले कुपित भएर भीमसेनको छाती ताकेर शक्तिको प्रहार गरे। त्यसको चोटबाट भीमसेन कामेर बेहोश हुन पुगे। फेरि केहीबेरमैं चेत खुलेपछि पाण्डुनन्दन भीमसेनले उनीमाथि गदा प्रहार गरे। त्यसको आघातबाट बाल्हीकको टाउको गींडबाट अलगियो। उनी वज्रबाट आहत भएको पर्वतझैं भुइँमाथि लडे।

बाल्हीक मारिएपछि तपाईंका नागदत्त, दृढरथ, महाबाहु, अयोभोज, दृढ, सुहस्त, विरज, प्रमाथी, उग्र र अनुयायी नाम गरेका दशजना पुत्र आफ्नो बाणबाट भीमसेनलाई पीडित पार्न थाले। उनीहरूलाई हेर्ने बित्तिकै भीमसेन अत्यन्त क्रोधित भएर उनीहरूको मर्मस्थानमा बाण हान्न थाले। ती बाणहरूको चोटबाट तपाईंका पुत्रहरूको शरीर निष्प्राण भएर तेजहीन भई भुइँमाथि सोतर हुन पुगे। यसपछि वीरवर भीमसेनले तपाईंको सालाका सातजना महारथीलाई मारी नाराचबाट महारथी शतचन्द्रलाई पनि मृत्युको बाटो लगाइदिए। उनीहरू मारिएको हेरेर शकुनिका भाइ गवाक्ष, शरभ, विभु, सुभग र भानुदत्त-यी पाँच महारथी दगुरेर आएर भीमसेनमाथि बाणवर्षा गर्न थाले। त्यसबाट पीडित भएर भीमसेनले पाँचवटा बाण हानेर ती पाँचजनालाई पनि मारिदिए। ती वीरहरूलाई मृत्युको मुखमा परेको हेरेर कौरवपक्षका राजाहरू विचलित हुन पुगे। यता युधिष्ठिरले पनि तपाईंको सेनाको संहार आरम्भ गरे। उनले कुपित भएर अम्बष्ठ, मालव, त्रिगर्त्त र शिविदेशका योद्धाहरूलाई यमलोकमा पठाइदिए। यतिमात्र होइन, राजा युधिष्ठिरले अभीषाह, शूरसेन, बाल्हीक तथा बसाति वीरहरूको पनि वध गरेर यस पृथ्वीलाई रगतले हिल्लाम्ये पारिदिए। उनले आफ्नो बाणबाट मद्रदेशीय योद्धाहरूलाई पनि प्रेतलोकको अतिथि बनाए।

अनि तपाईंका पुत्रहरूले आचार्य द्रोणलाई युधिष्ठिरतिर प्रेरित गरे। आचार्य अत्यन्त क्रोधित भएर वायव्यास्त्रको प्रयोग गरे तर युधिष्ठिरले पनि त्यस्तै दिव्यास्त्रबाट काटिदिए। अनि त आचार्य द्रोणको क्रोधको सीमा नै रहेन। उनले युधिष्ठिरमाथि वारुण, याम्य, आग्नेय, त्वाष्ट्र र सावित्र आदि अस्त्रहरूको प्रयोग गरे तर यसबाट युधिष्ठिर कति पनि आत्तिएनन्। उनले पनि दिव्यास्त्रहरूको प्रयोग गरेर ती जम्मै अस्त्रलाई निष्फल पारिदिए। अनि द्रोणले ऐन्द्र र प्राजापात्य अस्त्रहरूलाइ प्रकट गरे। यो हेरेर युधिष्ठिरले पनि माहेन्द्र अस्त्र प्रकट गरेर ती सबै अस्त्रको नाश गरिदिए। यस प्रकार आफ्ना अस्त्रहरू लगातार नष्ट हुँदै गइरहेको हेरेर युधिष्ठिरको वध गर्नको लागि द्रोणाचार्यले उनीमाथि ब्रह्मास्त्रको प्रयोग गरे। त्यति बेला चारैतिर अँध्यारो हुन पुग्यो, ब्रह्मास्त्रको भयले सम्पूर्ण प्राणी थर्कमान हुन पुगे। त्यस ब्रह्मास्त्रलाई प्रकट भएको हेरेर युधिष्ठिरले पनि ब्रह्मास्त्र नै प्रकट गरेर त्यसलाई शान्त पारिदिए। अनि द्रोणाचार्यले धर्मराजलाई छाडेर क्रोधित भई वायव्यास्त्रले द्रुपदसेनाको संहार गर्न थाले। क्रमशः...

# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मूर्ली बगैंचा, वीरगंज

अब तपाईंलाई पश्चात्तापको आगोले पोल्नेछैन। जीवन रूपान्तरणको लागि जीवनमा के के परिवर्तन गर्न योग्य कुराहरू छन् भन्ने कुरा कसैसँग नसोध्नुस्। जब तपाईं आफूलाई होशपूर्वक रूपान्तरण गर्ने निश्चय गर्नुहुनेछ, तब तपाईंलाई स्वतः तपाईंको अनुभूतिमा आउनेछ। जसरी जसरी तपाईं रूपान्तरित हुँदै जानुहुनेछ, जीवन रूपान्तरणको लागि आवश्यक परिवर्तन योग्य कुराहरू तपाईंले पाउँदै जानुहुनेछ। तपाईंको जीवनका हरेक पलमा नवीनता आउँदै जानेछ। के तपाईंले आफूलाई रूपान्तरित गर्ने इमानदार प्रयास गर्नुभयो ? इमानदारीपूर्वक आफूले आफैंलाई प्रश्न गर्नुस्।

हामीहरूले संसारभरिका धेरै साहित्यका पुस्तकहरू पढ्यौं। धेरै महापुरुषका प्रवचन पनि सुन्यौं। धेरै महापुरुषको बारेमा जानकारी पनि लिइसक्यौं। यस दिशामा हामीहरूले धेरै प्रयास गरिसक्यौं। हामीहरूले हामी आफैंलाई आफ्नै बानीहरूको साँघुरो घेरामा भित्र राखेका छौं। जब हामी कुनै साहित्य पढ्छौं वा कसैको प्रवचन सुन्छौं, तब हामीहरूलाई राम्रो लागेको साहित्य वा प्रवचनको खूब दिल खोलेर प्रशंसा गर्छौं तर त्यसअनुरूप आफूलाई रूपान्तरण गर्ने प्रयाससम्म पनि गर्दैनौं। जति ऊर्जा हामीहरू अरूको कुरा जान्नमा लगाइरहेका हुन्छौं, त्यसको साटो एकपटक आफूलाई परिवर्तन हुनु छ भनेर निश्चय गरौं। रूपान्तरण हुने इच्छा हैन, प्रतिबद्धता गरौं। त्यसपछि हामीहरूलाई बाहिरबाट केही सिक्ने आवश्यकता नै पर्दैन, सबैकुरा हाम्रो अन्तरआत्माबाटै आउनेछ। तपाईंले बाहिरबाट प्राप्त गर्ने जानकारीहरू गलत हुने खतरा हुन सक्छ तर अन्तर्आत्माबाट आउने प्रेरणा कहिल्यै गलत हुँदैन। हाम्रा नराम्रा आनीबानीहरूलाई ढाकछोप गर्न हामीहरू अरूहरूको आनीबानी हेरेर आफूलाई सन्तुष्ट पार्छौं। नराम्रा आनीबानीहरू प्रायः सबै मानिसमा हुने भएकाले त्यो हेरेर हामीहरू भन्ने गर्छौं अरूको जस्तै ममा पनि नराम्रा आनीबानी छन्। यसैले मेरा पनि नराम्रा बानीहरू हुनु कुनै नौलो कुरा होइन। मेरा पनि नराम्रा आनीबानीहरू हुनु उचित छ भन्ने हामी सोच्ने गर्छौं। हामीहरू हाम्रा नराम्रा आनीबानीहरूलाई पनि निकै ठूलो उपलब्धि भए जस्तो गरी बयान गर्ने गर्छौं। तर नराम्रा आनीबानीहरू त हाम्रा काँतरताका निसानी हुन्। काँतर समूहमा धेरै मानिस पर्ने भएकाले आफू बहादुर भएको जस्तो देखिएको मात्र हो। उदाहरणको लागि मासु नखाने शाकाहारीहरूभन्दा मासु खाने मांसहारीहरूको जनसङ्ख्या बढी भएका कारणले शाकाहारीहरूले गरेका तर्कहरू मिथ्या जस्तो देखिएको मात्र हो। मासु खानेहरूले नखानेहरूको खिल्ली उडाउनको लागि नानाथरीका प्रश्नहरू गर्ने गर्छन्। बहादुरी त रूपान्तरित हुनुमा छ। आनीबानीको यति नै सौख छ भने जीवन रूपान्तरणलाई आफ्नो आदत बनाउनुस्। विनासचेतना रूपान्तरित हुन सकिँदैन। चेतनाको अभाव नै जीवनको सबैभन्दा ठूलो अभाव हो। धेरै मानिस त आफैं स्वीकार गर्छन् कि ममा यो गलत बानी छ तर के गरूँ मेरो यो गलत बानी छुट्दै छुट्दैन। यसभन्दा नराम्रो अवस्था के हुन सक्ला। मानिसहरूले स्वयम् आफ्नोतर्फबाटै नरक भोग्ने तयारी गरिरहेका हुन्छन्। भन्ने बेलामा भन्छन् कि यो मेरो नराम्रो बानी छुटेदेखि राम्रो हुन्थ्यो तर आफूलाई रूपान्तरण गर्न मानसिकरूपमा तयार बनाउँदैनन्। अरूसँग सहायता माग्न जान्छन्। उनीहरूलाई अरूले केही सहयोग गरी दिन्छन् भन्ने जस्तो लाग्छ। यही नै उनीहरूको सबैभन्दा ठूलो गलती हो। अरूसँग सहयोग लिने इच्छा छोड्नुभयो भने मात्र तपाईंले केही गर्न सक्नुहुनेछ। तपाईं जबसम्म अरूको भरोसामा बसिरहनुहुन्छ, तबसम्म आफूलाई कहिल्यै पनि यस स्थितिबाट बाहिर निकाल्न सक्नुहुनेछैन। आफ्नो आत्मशक्तिलाई जगाएर एकपटक परिवर्तनको प्रक्रियालाई अपनाउनुभयो भने सबै थोक ठीक हुनेछ र जीवनमा सार्थकता आउने छ।

सनसारमा आध्यात्मको कमी छैन। धार्मिक साहित्य तथा धार्मिक स्थलहरू पनि धेरै छन। धर्म फैलाउन विश्व भरी लाग्ने मानिसहरूको संख्या पनि धेरै छ। सबैको जीवनमा धर्मको धेरै महत्त्व छ। यो सबैथोक हेर्दा विश्वभरी सहीष्णुता र धार्मिकताको कमि नहुनु पर्ने हो तर विश्वमा धर्मको भन्दा पापको प्रभाव व्यापक देखिन्छ। पापाचार दुराचार बढेको र धार्मिकता घटेको हामी पाँउछौं। धार्मिकता बढाउने कोशिस प्रसस्त गरिए पनि यसको परिणाम शुन्य बराबर छ। जीवनमा पबित्रता, सहीष्णुता, निडरता, सदभाव तथा आनन्दलाई धार्मिकता मान्ने हो भने यो विश्वमा धार्मिकताको नितान्त अभाव भएको हामी पाउछौं तर

क्रमशः

# मस्तिष्करक्षक द्रव र सञ्चार



वाटिका
डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

**यदि मस्तिष्करक्षक द्रवको बहावमा रोकावट हुन्छ भने आँखाको वरिपरि सुनिन्छ, जसलाई पैपिलोइडिमा भनिन्छ। गर्भावस्थामा रोकावट भयो भने हाइड्रोसिफैलस भन्ने रोग लिएर बच्चाको जन्म हुन्छ, जसमा शिशुको शिरको आकार अप्रत्याशितरूपले ठूलो हुन्छ।**


जनताको सुरक्षाको लागि प्रहरीको तैनाती हुन्छ। तर राजाको सुरक्षाको लागि त्यत्तिले काम चल्दैन। राजा निस्सन्देह साधारण जनताभन्दा बढी महत्त्वपूर्ण हुन्छन्। किनभने उनलाई सम्पूर्ण देश र जनताको क्रियाकलाप सञ्चालनको महत्त्वपूर्ण जिम्मेवारी हुन्छ। त्यस कारण उनको सुरक्षाको लागि विशेष बलसहितको दरबार र किल्लाको निर्माण हुन्छ। त्यस दरबारभित्र केवल विश्वासिला पात्रलाई मात्र जान सक्ने अनुमति हुन्छ। के ठेगान कि कुन स्थानबाट कुन शत्रुले प्रवेश गर्न कोशिश गरोस्। प्रहरीमैं घूसपैठ भएका शत्रुले पनि झुक्याउन सक्छन्। ती सबै रोक्न विभिन्न उपाय, ढोका र कुना निर्माण गरिन्छ।

शरीरको जनताको सुरक्षाको लागि रगतरूपी प्रहरी तैनाथ गरिएको छ। शरीरको जनता मुटु, फोक्सो, कलेजो, मिर्गौला, पेट, आन्द्रा आदि हुन्। रगतरूपी प्रहरीले सधैं पेट्रोलिङ गर्दै उनको सुरक्षा गर्छ। जहिले पनि जब शरीरमा कुनै चोटपटक लाग्छ, तुरुन्त रगत त्यहाँ पुग्छ र चोट लागेको कोषलाई घेरेर शत्रुलाई घेरा हालेर मार्छ। तर मस्तिष्करूपी राजालाई त्यत्तिले पुग्दैन। उसको लागि खोपडीरूपी मजबूत दरबार बनेको छ, जसभित्र मस्तिष्क बस्छ। रिढरूपी यस्तो किल्ला तयार पारिएको छ कि मस्तिष्कको झुन्डिएको भाग मेरुदण्डमा पनि त्यही किल्ला साथ रहन्छ। त्यसभित्र मस्तिष्करक्षक द्रवरूपी बेग्लै बल तैनाथ गरिएको हुन्छ। रगत जस्तै तर अझ विशेषरूपले यो केवल मस्तिष्कको सुरक्षाको लागि मात्र जिम्मेवार हुन्छ। शरीरका अन्य अवयवको रक्षाको जिम्मेवारी त्यसलाई हुँदैन। यस मस्तिष्करक्षक द्रवलाई सिरेब्रो स्पाइनल फ्लुइड अथवा छोटकरीमा सिएसफ भनिन्छ। यसले रगतमा मौजुद घूसपैठियाहरूलाई पनि भित्र आउन दिंदैन। अतः कसरी यसले मस्तिष्कको सुरक्षा गर्छ र यसको बनौट कस्तो छ भन्नेतिर अब लागौं:

शरीरमा जम्मा ४० लिटर पानी हुन्छ। यो पानी दुई प्रकार अथवा दुई चेम्बरमा अवस्थित हुन्छ। एउटा सम्पूर्ण कोषभित्र र अर्को कोष बाहिर। भित्रको पानी २२ लिटर र बाहिरको पानी १८ लिटर हुन्छ। यस १८ लिटरमा पनि पाँच भाग हुन्छन्:

जो लिम्फैटिक सिस्टममा हुन्छ, त्यसलाई इन्टरस्टिसियल फ्लुइड भनिन्छ, जसमा पानी १२ लिटर हुन्छ। प्लाज्मामा २.७५ लिटर हुन्छ। त्यस्तै, हाड र कार्टिलेज ३.५ लिटर ट्रान्ससेल्युलर भनिने रूपमा हुन्छ। यस ट्रान्ससेल्युलरमा पनि छ भाग हुन्छन्- १. सिरेब्रो स्पाइनल फ्लुइड २. आँखाभित्रको पानी ३. पाचन रसहरू ४. मुटु, फोक्सो र आन्द्रालाई घेरेको फ्लुइड ५. जोर्नीको चारैतिर भएको र ६. पिसाबको पानी।

सिरेब्रो स्पाइनल द्रव एक सफा, रङ्गहीन र पारदर्शी द्रव हो, जो १५० मिलीग्रामले हरदम मौजुद रहन्छ। ब्रेन एक कम्प्याक्ट रचना हो। तर यस रचनाको बीचोबीच पनि केही खाली ठाउँ हुन्छन्, जसलाई भेन्ट्रिकल भनिन्छ। लैटेरल, थर्ड र फोर्थ भेन्ट्रिकल यिनका नाम हुन्। सबैभन्दा बढी मस्तिष्करक्षक यानी सिरेब्रोस्पाइनल फ्लुइड लैटरल भेन्ट्रिकलमा बन्छ। यी भेन्ट्रिकलमा एउटा परत हुन्छ, जसलाई कोरोवायड प्लेक्सस भनिन्छ। यिनै प्लेक्ससहरूले जुन पदार्थ निकाल्छन्, त्यही हो मस्तिष्करक्षक अर्थात् सिरेब्रोस्पाइनल फ्लुइड। अब यो बन्छ बीचमा र कसरी दिमाग र मेरुदण्डलाई चारैतिरबाट घेर्न पुग्छ त ? पशुपतिनाथ वा कुनै पनि शिवलिङ्गमाथि एउटा पवित्र भाँडो हुन्छ, जसको पानी एउटा छिद्रबाट तल शिवलिङ्गमा अनवरत् खसिरहेको हुन्छ। त्यसपछि पानी गोल घेरामा र फेरि त्यस घेरामा चिरिएको ठाउँबाट बाहिर निस्किन्छ। त्यस्तै, छिद्र दिमागमा पनि बनेको हुन्छ। यी एक होइन अनेक हुन्छन्। जसले यी खोज गरे, उनैको नाममा यी छिद्रहरूको नाम राखिएको हो, जसलाई अङ्ग्रेजीमा फोरामेन भनिन्छ। लैटरल भेन्ट्रिकलबाट यो



फोरामेन अफ मुनरोबाट थर्ड र एक्विडक्ट सिल्भियस भएर फोर्थ भेन्ट्रिकलमा जान्छ। त्यहाँबाट यो फेरि फोरामेन मिजेन्डी र फोरामेन लुस्काबाट तल मेरुदण्ड र माथि दिमागलाई घेर्न पुग्छ। जसरी किताबमा जिल्द लगाइन्छ, त्यस्तै दिमागमा पनि जिल्द लगाइएको हुन्छ। किताबमा त केवल एउटा जिल्द हुन्छ तर दिमागमा जिल्द एकपछि अर्को गरी तीनवटा हुन्छन्। सबैभन्दाभित्रको जिल्दलाई पायामेटर, त्यसभन्दा माथिकोलाई एरेकन्वायडमेटर र त्यसमाथि अथवा सबैभन्दा बाहिरकोलाई ड्युरामेटर भनिन्छ। सिएसफ पायामेटर र एरेकन्वायडमेटरको बीचमा नै बहेर दिमाग र मेरुदण्ड दुवैलाई बचाइरहेको हुन्छ। बाहिरको ड्युरामेटरसित यसको सम्बन्ध छैन। ड्युरामेटर मात्र एउटा खोलको भूमिकामा हुन्छ र दिमागलाई बचाउन त्यसको अलग्गै भूमिका छ। यसरी दिनहुँ ५०० मिलीग्राम द्रव बन्छ र यति नै अवशोषित हुन्छ। तर १५० मिली सधैं सञ्चारमा रहिरहन्छ। रगत जस्तै यसको पनि चाप हुन्छ, जो अवस्था अनुसार बदलिरहन्छ। कोल्टे परेर सुतेको अवस्थामा यो पानीको २० देखि १८ सेमी र बसेको अवस्थामा ३० सेमी अफ वाटर हुन्छ। खोक्दा यसको चाप बढ्छ। पानीमा कुनै बल तैरिए जस्तो मस्तिष्क मस्तिष्करक्षक द्रवमा तैरिरहेको हुन्छ। जब कुनै चोटपटक लाग्छ, तब मस्तिष्करक्षक द्रवले कुशनको जस्तो काम गरेर मस्तिष्कलाई बचाउँछ। यसलाई तपाईंले आफ्नो मोबाइलको उदाहरणबाट सम्झनुस्। कुनै पनि इलेक्ट्रोनिक सामान धेरै संवेदनशील हुन्छ, जसरी दिमाग संवेदनशील हुन्छ। तपाईंले मोबाइल किन्दा के हेर्नुहुन्छ ? मोबाइल एउटा कुटको डब्बामा हुन्छ। खोल्दा त्यसभित्र फोमको एउटा अर्को पनि बक्सा हुन्छ। फोममा हजारौं छिद्र हुन्छन्, जसले चाप सोस्ने काम गर्छ। त्यसभित्र पनि मोबाइल सानो सानो हावाका फोकाहरू भएको एउटा प्लास्टिकमा बेरिएको हुन्छ। यसले फोमभन्दा बढी चाप सोस्ने र कुशनको काम गर्छ। यसरी मोबाइल जस्ताको त्यस्तै तपाईंको हातमा आउँछ। दक्षिण कोरिया वा जापानबाट मोबाइल पानीजहाजमा ओसारिन्छ। ती मोबाइल अब कोलकाता बन्दरगाहमा ट्रकमा पटकिइन्छ। त्यो ट्रक बाटोमा सैकडौं जोल्डिङ खाँदै गोदाम र फेरि बिक्रीको लागि पसलमा पुग्छ। तर पनि मोबाइल जस्ताको त्यस्तै कसरी रहन सक्यो ? त्यही फोम र हावा भरिएको प्लास्टिकले कुशन बनाएकोले। हावाको ठाउँमा तपाईंले पानी पनि भर्न सक्नुहुन्छ। तर मोबाइल वा अन्य सामान स्वयम् पानीले खराब हुन्छ, त्यस कारण भर्ने कुरै आउँदैन। तर दिमाग पानीले खराब हुँदैन, त्यस कारण प्रकृतिले त्यहाँ पानी नै भरेको छ। यसले गर्दा दोहोरो लाभ हुन्छ। कुशनको काम गरी दिमागलाई बचाउनु र साथै त्यसै माध्यमबाट दिमागको लागि पोषक तत्त्व उपलब्ध गराउनु तथा विजातीय पदार्थलाई बाहिर निकाल्नु। अतः यसरी दिमागले रगतबाट पोषक तत्त्व लिन्छ र विजातीय पदार्थलाई रगतमा पठाइ त्यसलाई नष्ट गर्छ। तर कुशनको जुन यहाँ काम छ, त्यो केवल मध्यमसम्मको चोटपटकमा मात्र काम लाग्छ। तपाईंले एक घुस्सा टाउकोमा लगाउनुस्, उसले रोक्छ तथा दिमाग जहाँको त्यहीं जस्ताको त्यस्तै रहिरहन्छ। तर घुस्सा धेरै नै बलको छ, जसरी एक बक्सरले हान्छ, तब हान्नेतिर त दिमागलाई केही हुँदैन तर दिमागको विपरीत दिशाको खप्परको भागमा बेस्सरी ठोक्किन पुग्छ र त्यो भाग खराब हुन्छ। अर्थात् जब ललाटमा घुस्सा लाग्छ, तब दिमागको पछिल्लो भागको समस्या परिलक्षित हुन्छ। यस क्रियालाई सन् १८४८ मा एकजना अमेरिकी वैज्ञानिकले कसरी देखाए कि उनले आफ्नै टाउकोमा एकदम जोडसित फलामले हिर्काए र त्यसले दिमागको अर्कोपट्टिको भाग खराब भयो। वैज्ञानिक महोदय त बाँचे तर जीवनभर अपाङ्ग भएर।

रगत र मस्तिष्करक्षकको बीचमा एउटा यस्तो अपारदर्शी बैरियर हुन्छ, जसको कारणले रगतका सबै पदार्थ मस्तिष्करक्षक द्रवमा जान पाउँदैन, अन्यथा मस्तिष्क सङ्क्रमणबाट नै हैरान हुन्थ्यो। त्यस पर्खाललाई बिबिबी अथवा ब्लड ब्रेन बैरियर भनिन्छ। कतिपय ओषधिसमेतले यस बैरियरलाई पार गर्न सक्दैन। तर अपसोच सबका सब नोक्सानदेह पदार्थलाई रोक्न सक्दैन। लाभप्रद तत्त्व सँगसँगै केही नोक्सानदेह पदार्थ पनि पस्छ, जसरी अक्सिजनको साथसाथै कार्बनडाइक्साइड र कार्बनमोनोक्साइड।

यदि मस्तिष्करक्षक द्रवको बहावमा रोकावट हुन्छ भने आँखाको वरिपरि सुनिन्छ, जसलाई पैपिलोइडिमा भनिन्छ। गर्भावस्थामा रोकावट भयो भने हाइड्रोसिफैलस भन्ने रोग लिएर बच्चाको जन्म हुन्छ, जसमा शिशुको शिरको आकार अप्रत्याशितरूपले ठूलो हुन्छ। जब मेरुदण्डको बीचमा कुनै खाली ठाउँ हुन्छ, तब त्यस खाली ठाउँ भएर मस्तिष्करक्षक द्रव अथवा सिएसएफ बाहिर बैलुन जस्तो एउटा आकार बनाएर आउँछ, जसलाई स्पाइनल बल्ज भनिन्छ।

दिमागले शक्ति प्राप्त गर्नु र शरीरका अन्य अङ्गले शक्ति प्राप्त गर्नुमा धेरै अन्तर छ। शरीरका अन्य अङ्गले अक्सिजन नभए पनि ग्लाइकोजनको एनेरोबिक

(बाँकी पाँचौं पातामा)



परम्परागत लोपोन्मुख अवस्थामा रहेको कोलमा कागती च्यापेर रस निकाल्दै निजगढ नगरपालिका-१० लालकी महिला । यसरी निकालिएको रसबाट चुक अमिलो बनाइन्छ । अहिले गाउँघरमा चुक अमिलो प्रतिमानाको रु एक हजारमा बिक्री हुने गरेको छ । तस्वीरः जीतलाल श्रेष्ठ

# खेलकूदको संसार

## पारापिट निर्माण

प्रस, ठोरी, ३१ असार/

ठोरी गाउँपालिकाको निर्मलबस्तीस्थित खेलमैदानमा रु २५ लाखको लागतमा पारापिट निर्माण गरिएको छ ।

तस्वीरः प्रतीक



नेपाली काङ्ग्रेस मधेस प्रदेशका महामन्त्री बृहस्पतिकृष्ण श्रेष्ठको पहलमा पारापिट निर्माण गरिएको हो । मधेस प्रदेश सरकारको महिला, बालबालिका तथा खेलकूद मन्त्रालयले उपलब्ध गराएको रु २५ लाख लागतमा तीन तहको ७६ मिटर लामो पारापिट निर्माण गरिएको नेकाका नेता टीकाराम श्रेष्ठले बताए । स्थानीय अक्कलबहादुर श्रेष्ठको अध्यक्षतामा गठित उपभोक्ता समितिले पारापिट निर्माण गरेको उनले बताए । पारापिट निर्माण भएपछि अब निर्मलबस्ती खेलमैदानमा खेलकूद गतिविधि गर्न आयोजकलाई र खेल हेर्न आउने दर्शकहरूलाइ सहज हुने उनले बताए ।

## जुडो च्याम्पियनशिपमा भाग लिने नेपाली टोलीको बिदाइ

काठमाडौं, ३१ असार/रासस

थाइल्यान्डको बैंककमा आउँदो साउन १ देखि ७ गतेसम्म हुने एशियाली क्याडेट तथा जुनियर जुडो च्याम्पियनशिपमा सहभागी हुने नेपाली टोलीलाई शुक्रवार बिदाइ गरिएको छ ।



राष्ट्रिय खेलकूद परिषद् (राखेप)का सदस्य-सचिव टङ्कलाल घिसिङ र तालीम तथा प्रशिक्षण विभागका उपनिर्देशक हिमालराज दाहालले चार खेलाडीसहित आठ सदस्यीय नेपाली टोलीलाई सफलताको शुभकामना दिंदै बिदाइ गरे ।

सदस्य-सचिव घिसिङले राष्ट्रलाई सम्झेर उच्च मनोबलका साथ खेल प्रदर्शन गर्न खेलाडीलाई आग्रह गरे । क्याडेटमा दुई र जुनियरमा दुई गरी चारजना खेलाडीले नेपालको चुनौती प्रस्तुत गर्नेछन् । क्याडेट/जुनियरमा एक/एक पुरुष/महिला खेलाडीले प्रतिस्पर्धा गर्नेछन् ।

जुनियरको पुरुष ६० किलोमुनि उत्तम प्रधान श्रेष्ठ र महिला ५२ किलोमुनि देवकीमाया श्रेष्ठ सहभागी हुनेछन् । क्याडेटको पुरुष ५५ किलोमुनि ताराबहादुर भुजेल र महिला ४८ किलोमुनि निशा श्रेष्ठले खेल्नेछन् । घरेलु प्रतियोगितामा चारै खेलाडीले बन्दी सहायता नियोग (पाम)को प्रतिनिधित्व गर्छन् । देवकी र निशा सहोदर दिदीबहिनी हुन् ।

टोली प्रमुखमा नेपाल जुडो सङ्घका अध्यक्षसमेत रहेका जुडो युनियन अफ एशिया (जेयुए)का एडुकेशन एन्ड कोचिङ कमिशनका सदस्य दीपकहर्ष बज्राचार्य छन् । टीम व्यवस्थापकमा दावा ग्याल्जेन शेर्पा तथा प्रशिक्षकमा दीपक श्रेष्ठ छन् ।

जुडो सङ्घका खेलकूद निर्देशक सुप्रसिद्ध ताम्राकार पनि टोलीसँग बैंकक जानेछन् । साउन १ देखि ७ गतेसम्म आयोजना हुने उक्त प्रतियोगितामा सहभागी हुन नेपाली टोली आजै थाइल्यान्ड प्रस्थान गऱ्यो ।

# ग्रीन सिटीद्वारा वृक्षारोपण

प्रस, वीरगंज, ३१ असार/

सामुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत ग्रीन सिटी सामुदायिक सेवा केन्द्र र राष्ट्रपति चुरे तराई-मधेस संरक्षण विकास समिति, भरतपुर, चितवनको संयुक्त आयोजनामा शुक्रवार वृक्षारोपण तथा चौतारा उद्घाटन सम्पन्न भएको छ । वन तथा वातावरण मन्त्री प्रदीप यादवले वृक्षारोपण तथा चौताराको उद्घाटन गरेका थिए ।



तस्वीरः सौजन्य

कार्यक्रममा उनले वातावरण प्रदूषण नियन्त्रणका लागि वृक्षारोपण आवश्यक भएको बताए । उनले वातावरणको संरक्षणमा सघाउ पुऱ्याउन सबैलाई आआफ्नो क्षेत्रमा वृक्षारोपण गर्न सुझाए । उनले गाउँ-शहर हराभरा बनाउन मन्त्रालयबाट उपलब्ध हुन सक्ने सहयोग आफूले गर्ने प्रतिबद्धता जाहेर गरे ।

ग्रीन सिटी सामुदायिक सेवा केन्द्र, आदर्शनगरका अध्यक्ष प्रकाश खेतानको अध्यक्षतामा आयोजित कार्यक्रममा आँप, गुलमोहर, नीमलगायतका २५० वटा बिरुवा रोपिएको थियो ।

कार्यक्रममा नगरप्रमुख राजेशमान सिंह, उपप्रमुख इम्तियाज आलम, प्रमुख जिल्ला अधिकारी उमेश ढकाल, राष्ट्रपति चुरे तराई-मधेस संरक्षण समितिका प्रमुख रामहरि पन्त, सशस्त्र प्रहरी उपरीक्षक तेजप्रसाद पोखरेल, प्रहरी नायब उपरीक्षक प्रहलाद कार्की, वडाध्यक्ष सुशील साह कानू, पहिलो पाइला नेपालका शेखर अग्रवाल, वीरगंज युवा समाजका कमल चौगाई, व्यवस्थित वीरगंज अभियानका दीलिप कार्की, स्वास्थ्यकर्मी महेशसिंह धामी, सामुदायिक सेवा केन्द्र, छपकैयाका ग्यासु मियाँ देवान र मुर्लीका राम सर्राफ, नगरप्रहरी प्रमुख हरि भुसाल, वप्रका बिर्ताका प्रनि विशाल मल्ल, श्रीपुरका डिल्लीराज सापकोटा, ट्राफिकका प्रनि ध्रुवप्रसाद दाहाललगायतको सहभागिता थियो ।

माईस्थानदेखि आदर्शनगर क्षेत्रको फूटपाथमा वृक्षारोपण गरिएको थियो ।

## भट्टराईको पार्टी फुटाउने षड्यन्त्र तुहियो -अध्यक्ष यादव

प्रस, वीरगंज, ३१ असार/




जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले पार्टी फुटाउने षड्यन्त्र तुहिएको बताएका छन् । वीरगंजमा आयोजित पत्रकार सम्मेलनमा उनले पार्टीका सङ्घीय अध्यक्ष डा बाबुराम भट्टराईलगायत केही नेताहरूले पार्टी फुटाउने अभिप्रायबाट काठमाडौंमा अवैध तरीकाबाट कार्यकारिणी समितिको बैठक बोलाएको तर त्यसमा बहुमत सिद्ध हुन नसक्दा उनीहरूको सपना तुहिएको बताए ।

पार्टीविरुद्धका गतिविधिमा संलग्न भएका कारण वीरगंजमा असार २९ र ३० गते सम्पन्न बैठकले डा भट्टराईलगायत नौजनालाई कारबाई गरेको बताए । उनीहरूको गतिविधि पार्टीको विधान र अनुशासनविरुद्ध भएकाले कारबाई गरिएको र सच्चिएर आउनेहरूलाई पार्टीको ढोका सधैं खुला रहेको बताए । अध्यक्ष यादवले सङ्घीय परिषद् अध्यक्षमा वरिष्ठ नेता अशोक राई सर्वसम्मत चयन भएको जानकारी गराए । अध्यक्ष यादवले गठबन्धनलाई आगामी सङ्घ र प्रदेशको निर्वाचनमा पनि निरन्तरता दिने बताए । उनले जसपाको बैठकबाट पाँच दलीय संयुक्त गठबन्धनलाई आगामी निर्वाचनमा निरन्तरता दिने निर्णय भएको जानकारी गराए ।

अध्यक्ष यादवले तत्कालीन प्रधानमन्त्री केपीशर्मा ओली सरकारले दुईपटक संसद् विघटन गरेपछि परास्त गरी गठबन्धनले लोकतन्त्रको रक्षा गर्दै मुलुकलाई राजनीतिक स्थिरतातर्फ अगाडि बढाएको दाबी गर्दै गठबन्धनलाई पार्टीले आवश्यक ठानेको बताए । उनले स्थानीय चुनावमा आफ्नो पार्टीको केही तीता अनुभव भएपनि मुलुकको लागि गठबन्धन आवश्यक भएको पार्टीले ठहर गरेको बताए ।


पार्टीकी केन्द्रीय सदस्य रेणु यादवले पदबाट राजीनामा दिएको सन्दर्भमा उनले यादवले पार्टी नछाडेको र आक्रोश मात्र व्यक्त गरेको बताए । यसैगरी, नागरिकता संशोधन विधेयक द्रुतमार्गबाट छिट्टै पारित हुने उनले दाबी गरे । पहिलो विधेयकमा संशोधन गरी नयाँ विधेयक संसद्मा प्रस्तुत भइसकेको र यसै अधिवेशनबाट पारित हुने उनले बताए ।

प्रस्तुत नयाँ विधेयकमा वंशज, अङ्गीकृत र जन्मसिद्धको आधारमा नागरिकता पाएका नागरिकका सन्तानले वंशजको नागरिकता पाउने प्रावधान समावेश गरिएको उनले बताए ।

पत्रकार सम्मेलनमा वन तथा वातावरण मन्त्री प्रदीप यादव, पूर्वमन्त्री रामसहाय यादव, सुशीला श्रेष्ठ, सांसद नरमाया ढकाल, वीरगंज महानगरका प्रमुख राजेशमान सिंहलगायतको सहभागिता थियो ।

## जबरजस्ती करणीको आरोपमा दुई किशोर पक्राउ

प्रस, वीरगंज, ३१ असार/



तस्वीर सौजन्यः जिप्रका, बारा

जिल्ला प्रहरी कार्यालय, बाराले महिलालाई जबरजस्ती करणी गरेको आरोपमा दुईजना किशोर पक्राउ परेको बताएको छ ।

असार २५ गते राति ११ बजे बाराको आदर्श कोतवाल गाउँपालिका-१ निवासी ५६ वर्षीया महिला गोठमा एक्लै सुतिरहेको बेला १५ र १७ वर्षीय दुईजना किशोरले पालैपालो जबरजस्ती करणी गरेको आरोपमा प्रहरीले पक्राउ गरेको जिप्रका, बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजेश थापाले जानकारी गराए । दुवै किशोरलाई असार २६ गते पक्राउ गरी जबरजस्ती करणीसम्बन्धी कसूरमा मुद्दा दर्ता गरी बारा जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रनाउ थापाले जनाए ।







## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भाग कुलो बनाइ पानीको उचित निकास दिऔं ।
- जमीन चिरा परेको देखिएमा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिका जमीन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भूकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भूक्षयबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड